# संघीय
मासिक

वर्ष-१, अङ्क-१, पूर्णाङ्क-१, चैत्र-बैशाख २०६६/०६७



यात्रा संस्मरणः लिम्बुवानदेखि अष्ट्रेलियासम्म




लिम्बुवान

## जातीय-भाषिक संघीयता र सम्भ्रान्त वर्गको छटपटी




## राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्यको नयाँ रचना




## अबको नेपाली राजनीतिक गठजोड र ध्रुवीकरण ?

मूल्य रु. २५/-



हस्तकला घरेलु उत्पादन: खाँडीको दौरासुरुवाल,साडी, चोलो,
ढाकाको टोपी,मफलर, टाई, रुमाल, अस्कोट,तागावा, मेख्ली,
पछ्यौरा,सल, पर्स, सोफाको खोल आदि चाहिएमा
हामीलाई सम्झनुहोस ।
प्रो. कल्पना योङहाङ लिम्बू
The Highland Art
द हाईल्याण्ड आर्ट
The Highland Art
Gokarna, Kathmandu, NEPAL
Phone No.: 977-1-6209607
Cell No.: 9841512754
Email: klimbu@yahoo.com

# जातीय-भाषिक संघीयता र सम्भ्रान्त वर्गको छट्पटी

डम्बर तेम्बे



उच्च-जातिहरु राज्यको स्रोत र शक्तिमा रहेको एकाधिकार छोड्न इन्कार गरिरहेका छन् तर उनीहरुको बिरोधको निशाना भने नेपाललाई जातीय-भाषिक प्रदेशमा विभाजना गर्ने प्रस्तावबिरुद्ध गरिएको आलोचनाको रूपमा देखाउन चाहन्छन् । सबै जातिलाई राज्य दिएर साध्य हुन्न भन्नेजस्ता तर्कहरु उठाउने गर्छन् । यथार्थमा यी तर्कहरु बाहिरी देखाउने अडान मात्र हुन्, भित्री चाहना भनेको राज्यको स्रोत र शक्तिमा रहेको एकाधिकार छोड्न इन्कार गर्नु नै हो ।

३



भवानी बराल

# राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्यको नयाँ रचना

७

# अबको नेपाली राजनीतिक आन्दोलनको गठजोड र आगामी ध्रुवीकरण

नेपालको शान्तिप्रक्रिया र नयाँ संविधान निर्माणको ढोकामा भोटेताल्चा उतिबेलै लाग्यो जतिबेला एमाले, काँग्रेस र माओवादीले संविधानसभामा जीत र हारको अनपेक्षित नतिजा पाए। त्यहीबाट एमाले, काँग्रेस र माओवादीको त्रिकोणात्मक आक्षेपको प्रारम्भ भयो ।

१२



सूर्य माखिम

# Has Nepali State become Inclusive?

## An Assessment of Representation after 2006 Regime Change

१६

*Mahendra Lawoti, Ph.D.*



# यात्रा संस्मरण: लिम्बुवानदेखि अष्ट्रेलियासम्म




**अष्ट्रेलिया राज्यको उक्त क्षमायाचना पत्र नेपालका आदिवासीहरूको लागि पनि महत्वपूर्ण अध्ययन सामग्री बन्नेछ भन्ने सोचले मैले हतार-हतार आफ्नो डायरीमा सारेँ। प्लेनमा फर्कदा मैले सोचेँ- अष्ट्रेलियाबाट मैले ल्याएको अमूल्य कोसेली यही होला ।**

२३

कुमार लिङदेन 'मिराक'

# कोचिला, कोच राजवंशको इतिहास र लिम्बुवान

२५ प्रकाश यक्सो





# धिमाल जाति, भाषा र भूमिबीचको सम्बन्ध

**सोमबहादुर धिमाल**

२९

(का.जि.प्र.का.द.नं. २११/२०६६/०६७)

संघीय
मासिक
वर्ष-१, अङ्क-१, पूर्णाङ्क-१, चैत्र-बैशाख २०६६/०६७

**सम्पादक**
दलबहादुर लिम्बू आङबुङ

**सह सम्पादक**
मनप्रसाद हेल्लोक

**प्रवन्ध सम्पादक**
रेखा तुम्बाहाङफे

**विशेष प्रतिनिधि**
नारायण देवी राई, उपत्यका
दिलकुमार लावती, लिम्बुवान

**विशेष सहयोगी**
शिवकुमार पाङ्गेनहाङ, उपत्यका
सिङमान तामाङ, तामाङसालीङ

**प्रकाशक:**
जितेन्द्रकुमार चेम्जोङ
किरण देवान
बलजित लिम्बू
गणेश लिम्बू
सुरेन्द्र इङनाम
डम्बर खजुम

**कम्प्युटर डिजाइन:**
किरात डिजाइन
पुतलीसडक, काठमाडौं

मुद्रण:
प्रम्प्ट प्रिन्टर्स
अनामनगर, काठमाडौं

**पत्राचार ठेगाना:**
संघीय मासिक
GPO Box No. 8973
NPC 779 Kathmandu, Nepal

E-mail: federalmonthly@gmail.com
Website: http/www.sanghiya.com

# संघीयता, लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताको आन्दोलन

नेपाली जनताले २०६२/०६३ को ऐतिहासिक दोस्रो जनआन्दोलनमार्फत् हासिल गरेको उपलब्धीस्वरुप निर्मित नेपालको अन्तरिम संविधान २०६३ मा राज्यको पुनर्संरचना गर्दा संघीय शासनप्रणालीमा हुने भन्ने व्यवस्था गरिएको थिएन। नेपालका एकात्मकवादी पुराना शासकहरू अझै नेपाललाई केन्द्रीकृत र एकात्मक शासनप्रणालीमै राखेर आफ्नो हालीमुहाली जारी राख्न चाहन्थे। तर, त्यतिनैखेर उठेको संघीयतावादी लिम्बुवान र मधेश आन्दोलनको बलले मात्र नेपालको अन्तरिम संविधान २०६३ लाई पहिलो संशोधन गर्दै 'वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचालाई अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिनेछ' भन्ने प्रावधान थपिएको हो।

यसरी संघीयताको नामसम्म मरेर स्वीकार गरेका केन्द्रीकृत एकात्मकवादी शासकहरूले अब राज्यको पुनर्संरचना गर्दा पनि त्यही पुरानै ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लाको पञ्चायती सोच तथा स्वरुपको संरचनाभन्दा पर सोचेकै छैनन्। आफ्नो कुशलता, योग्यता र क्षमताले भन्दा पनि जबर्जस्त आफ्नो स्वार्थ अनुकूलको ऐन, कानुन, र प्रशासनिक संरचना बनाई राज्यसत्तामा टाँसिदै आएका शासक तथा शासकजातिहरू त्योभन्दा समावेशी र वैज्ञानिक अग्रगामी राज्यको पुनर्संरचना गरेर सबै नेपाली जनताको साझा र समानुपातिक प्रतिनिधित्व भएको नेपाल बनाउन चाहेका छैनन्। कहिलेकहीं मौखिक रुपमा जेजेसम्म भन्दै आएका छन् ती त केवल शदीयौंसम्म शोषण र उत्पीडनमा पारेर पछि पारिएका जनताको आँखामा छारो हाल्दै भ्रमको खेती गर्न गरिएका प्रपञ्चहरू मात्र हुन्भन्ने तथ्य सावित हुँदै आएको छ।

आज जो वास्तविक अर्थमा संघीयता, लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षता चाहन्छन् उनीहरू आफ्नो पीडित चेतना र बलबुँताले भ्याएसम्म आफ्नै मौलिक राजनीति र जातीय संघ सङ्गठनमार्फत आफ्नो माग र आवाजलाई बुलन्द गर्दै आएका छन्। तर, जो वास्तविक अर्थमा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता चाहँदैनन् तिनीहरू विभिन्न देशी-विदेशी स्रोत साधनको दुरुपयोग गर्दै विभिन्न गैरसरकारीसंस्थामार्फत त्यही संघीयताको नाममा भित्रभित्रै संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताकै विरोधी कार्यकलापहरू गरिरहेका छन्। गैरसरकारीतवरले मात्र नभएर यतिखेर सरकारमै रहेका मन्त्रीहरू खुल्लमखुला राज्यकै ढुकुटीको दुरुपयोग गरेर संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताको विरुद्धमा बोल्दै, काम गर्दै हिँडेका छन् जबकि नेपालको अन्तरिम संविधान २०६३ मै पनि नेपाल लोकतान्त्रिक संघीय शासन प्रणालीसहितको धर्म निरपेक्ष राज्य हो र हुनेछ भन्ने तथ्य स्वीकारिएको छ।

संविधानद्वारा प्रदत्त अधिकार तथा मर्मअनुसार संघीयता र धर्मनिरपेक्षताको लागि वैधानिक आन्दोलन गर्दा ती आन्दोलनकारीहरू विशेष सुरक्षा योजनाको घेरामा पारिन्छन्। तर दिनदहाडै नेपालका मात्र नभएर छिमेकी देशबाटसमेत आई संघीयता र धर्मरिपेक्षताको विरुद्धमा खुलेआम आक्रमण र षडयन्त्र भइरहँदा पनि केन्द्रीकृत एकात्मकवादी राज्य सत्ता टुलुटुलु हेरेरमात्र बस्दैन, बरु उल्टै तिनै षडयन्त्रकारीहरूलाई सघाइरहेको छ। परिणामस्वरुप, नेपाली जनताले चाहेको संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता आज धर्मराएको छ। अत: संघीयता, लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताका पक्षधर न्यायप्रेमी जनताहरू फेरि जुर्मुराएर उठ्नुपर्ने भएको छ।

अहिले केवल संघीयतासम्म स्वीकार गरिए पनि विशेष गरी दक्षिणपन्थी पुँजीवादी पार्टी र धार्मिक अतिवादीहरू नेपालमा जातीय ऐतिहासिक पृष्ठभूमिको आधारमा स्थापना गर्न खोजिएको संघीयता वा स्वायत्ततालाई गलत अर्थमा 'जात'को नाम दिँदै विरोधमा व्यस्त छन्। नेपालका सरकारीदेखि केन्द्रीकृत एकात्मक र एकजातिवादी सञ्चार माध्यमहरूको मिशन नै जातीय ऐतिहासिक पृष्ठभूमिको आधारमा ऐतिहासिकता र पहिचानसहिताको संघीयता वा स्वायत्तताको विरोध गर्नुरहेको छ। नेपालमा पहिचान, पहुँच र प्रतिनिधित्वको सामाजिक, साँस्कृतिक वा राजनीतिक आन्दोलनलाई उठाइरहेका आदिवासी/जनाजति, महिला, मधेशी, मुस्लिम र दलित आदिको आवाजमा आवाज थप्न त के सकिनसकी निकालिएको मधुरो आवाजलाई पनि सशक्तरुपमा दबाउने मिडियाहरूमात्र व्याप्त छन्। यसै आमसञ्चारको स्वतन्त्र प्रेसरुपी एक जातिवादी र पक्षपाती साम्राज्यमा अर्को एक विद्रोहस्वरुप यो संघीय मासिक पनि आएको छ, लु त के गर्नुहुन्छ ?

# जातीय-भाषिक संघीयता र सम्भ्रान्त वर्गको छट्पटी

डम्बर तेम्बे



**उच्च-जातिहरु राज्यको स्रोत र शक्तिमा रहेको एकाधिकार छोड्न इन्कार गरिरहेका छन् तर उनीहरुको बिरोधको निशाना भने नेपाललाई जातीय-भाषिक प्रदेशमा विभाजन गर्ने प्रस्तावबिरुद्ध गरिएको आलोचनाको रुपमा देखाउन चाहन्छन् । सबै जातिलाई राज्य दिएर साध्य हुन्न भन्नेजस्ता तर्कहरु उठाउने गर्छन् । यथार्थमा यी तर्कहरु बाहिरी देखाउने अडान मात्र हुन्, भित्री चाहना भनेको राज्यको स्रोत र शक्तिमा रहेको एकाधिकार छोड्न इन्कार गर्नु नै हो ।**

हिजो-आज विशेष गरेर अभिजात्य समुदायको सम्भ्रान्तवर्गबाट जातीय र भाषिक आधारमा हुन लागेको संघीयताको कडा बिरोध हुन थालेको छ । संविधानसभाको राज्य पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले नेपाललाई आठ जातीय-भाषिक राज्यसहित १४ प्रदेशमा विभाजन गर्ने प्रस्ताव गरेपछि उनीहरूको बिरोध झन् चर्को रुपमा देखिन थालेको छ । संविधान-सभाको चुनावमा जनजातिको मत आकर्षित गर्न आफ्नो घोषणा-पत्रमा "संघात्मक शासनव्यवस्थाको आधार तय गर्दा जातीय र भाषिक पक्षलाई आत्मसात गरिनेछ" भनी उल्लेख गर्ने नेपाली काँग्रेस र एमालेका प्रतिष्ठित नेताहरूसमेत धार्मिक नेताहरु (fundamentalists)लाई बिर्साउने गरी जातीय संघीयताको विपक्षमा बोल्न थालेको सुन्नमा आउँछ । अझ, उदेकलाग्दो कुरो के छ भने, राज्य-पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन उनीहरूको सोँच (grand design) अनुरुप नआएपछि यस अन्तिम घडीमा राज्य पुनःसंरचना आयोग गठन गरेर उसैको सिफारिश अनुसार प्रान्त निर्माण गरिनुपर्छ भन्ने आवाज पनि उठाउन थालेका छन् । थारैमात्र परिस्थिति आफू अनुकूल भएमा उनीहरू जातीय संघीयताको त कुरै छोडौं संघीयताकै विपक्षमा उभिएको यथार्थ पहिलो-संशोधन हुनअघिको अन्तरिम् संविधान २०६३ को विशेषताबाट नै प्रष्ट हुन्छ । लिम्बुवान र मधेशी आन्दोलनको दवाबले मात्र अन्तरिम् संविधान-२०६३ मा पहिलो संशोधन गरेर नेपाल संघीयतामा जाने सुनिश्चित भएको हो । यस्ता गतिविधिको समीक्षाबाट उच्च-जातिका नेताहरू आफू र आफ्ना वर्गको एकाधिकार कायम राख्न नेपाललाई कस्तो आकार दिन चाहन्छन् भन्ने कुरा छ्याङ्गै हुन्छ । उनीहरूले देशमा भएको संघीयताको मागलाई राजनीतिक कारणले मात्र स्वीकार गरेको तर बदलिँदो युगको आवश्यकतालाई आत्मसात गर्न सकेको देखिँदैन ।

प्राय दैनिक अखबारहरूमा प्रकाशित हुने जातीय-भाषिक संघीयता बिरोधी लेखहरू कथित् उच्च जातिहरूकै हुने गर्दछन् । ती हरेक लेखमा विभिन्न तर्क र प्रस्तुती फरकजस्तो देखाउन प्रयास गरे पनि सार भने एउटै हुनेगर्दछ, त्यो हो जातीय आधारमा प्रदेश निर्माण गर्दा समाजिक सहिष्णुता खलल् भई साम्प्रदायिक द्वन्द्व भएर देश टुक्रिन्छ र आर्थिक रुपले प्रदेशहरू धाँनिदैनन् साथै प्रदेशमा हाबी हुने जनजातिबाट थोरै जनसङ्ख्या भएका जनजातिहरू थिचोमिचोमा पारिने छन् । तर, प्रदेश-विभाजन प्रस्तावले सबैजसो अल्पसङ्ख्यक् जनजातिहरूको चाहना समेट्ने गरी विशेष स्वयात्ततामार्फत् सुनिश्चित गरेको तथ्य भने उनीहरू बाहिर ल्याउन चाहदैनन् ।

सम्भ्रान्त वर्गकै पकडमा मात्र पत्र-पत्रिका तथा मिडिया रहेको हुनाले राजनीतिक रुपले निर्णायक वर्तमान अवस्थामा जनजाति तथा दलितहरूको आवाज यो वर्गको हित प्रतिकूल देखिएमा उनीहरूले ठाँउ दिन छाडिसकेका छन् । आफ्नो जातिको हित सुनिश्चित गर्ने तथा जातीय-भाषिक संघीयता बिरोधी लेखहरू भने कुरो दोहोरिए पनि (गोयबल्स शैलीमा) प्रकाशित भइनै रहेको तथ्य घामजतिकै छर्लङ्ग छ । विगतमा पनि राजनीतिक-घटनाक्रम्को निर्णायक अवस्थाहरूमा अभिजात्य-वर्गको मिसन-पत्रकारिताबाट यस्तै (कु)धर्म निभाउने गरेको यथार्थ हामीहरूले देख्दै-भोग्दै आइएकै हो । मिसन-पत्रकारहरूले सामान्य परिस्थितिमा आफूलाई निष्पक्षजस्तो देखाउने गर्छन् तर देशको राजनीतिक घट्नाले निर्णायक मोड लिने समयमा त्यसलाई प्रभाव पार्ने गरी सुनियोजित ढङ्गले आफ्नो वर्गको हित अनुकूलका तर्कहरूमात्र प्रचारमा ल्याउँछन् । उनीहरूको त्यो शैली अहिले गम्भीर र भयानक रुपले अग्रसर देखिन्छ । जनजातिका छद्म नामबाट उनीहरूको पक्षमा जनमत बढने गरी लेख छपाउन पनि बेर छैन । यस प्रकारको मिसनलाई चिर्न आदिवासी/जनजातिका अधिकार र हितका पक्षमा लागिपर्ने राजनीतिक पार्टी, जातीय-संस्था, स्वतन्त्र बुद्धिजीवीहरू तथा अभियानकर्ताहरू तत्काल गम्भीर र सशक्तरुपमा प्रस्तुत हुन अति जरुरी भएको छ । यस घडीमा सबैबाट सम्पूर्ण क्षेत्रमा (लेख, धारणा र (जनदवाबबाट) दवाब सृजना गरेर राज्यलाई अन्तिम धक्का दिन अति आवश्यक देखिन्छ । त्यही अभियानमा गम्भीर भई लाग्न प्रेरित गराउने प्रयास स्वरुप यो लेख तयार पारिएको हो ।




संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चद्वारा प्रस्तावित जातीय-भाषिक संघीयतामा आधारित राज्य पुनर्संरचनाको नक्सा

मुलतः जातीय-भाषिक संघीयताको बिरोध गरिनुको पृष्ठभूमिमा रहेको उच्च-जातिको मनोविज्ञान विश्लेषण गर्दा, के बुझ्न सकिन्छ भने विगत लामो समयदेखि नेपालको राज्यव्यवस्था विधिको शासनबाट नभई हिन्दू धर्मशास्त्रबाट सञ्चालित हुँदै आएको छ। त्यही हिन्दूशास्त्रबाट घोषित-अघोषितरुपमा ब्राह्मण र क्षेत्रीहरूलाई समाजको उच्चस्थानमा स्थापित गराएर राज्यको स्रोत र शक्तिमा हालीमुहाली गर्ने अनुकूल वातावरण जुन थियो त्यो अवसर गुम्ने अथवा समानुपातिक हिस्सा छोड्नु पर्ने सम्भावनाबाट आतङ्कित मनोस्थितिले देखाएको छट्पटी ठहरिन आउँछ। जातीय-भाषिक संघीयताको प्रस्तावले उच्च-जातिहरूमा त्रास पैदा भएको देखिन्छ। त्यो त्रासका कारणहरू यी हुन्।

१. नेपालमा आठ जातीय-भाषिक राज्यसहित १४ प्रदेशमा विभाजन गर्ने प्रस्तावले संविधानमा नै स्वीकृति पाएको खण्डमा, चुनौतीविहीन रुपमा उच्चजातिहरूको पकडमा रहेको नेपालको प्रशासनतन्त्र खुकुलिएर अन्य आदिवासी/जनजाति, मधेशी र दलितका लागि पनि त्यस ठाउँमा पहुँच बढ्नेछ।

२. आफ्नै समुदायको उम्मेदवारलाई मतदान गर्ने सम्भावना बढेर, जातीय-भाषिक राज्यहरूमा उच्च-जातिहरूको तर्फबाट मुख्यमन्त्री बन्ने अवसर कम हुन जान्छ।

३. जातीय-भाषिक राज्यहरूबाट प्राप्त हुने सरकारी जागीर वा कर्मचारीतन्त्रमा छनौट हुन पनि उनीहरूले आदिवासी/जनजाति, मधेशी र दलितहरूबाट कडा चुनौती सामना गर्नुपर्ने हुन्छ।

४. जातीय-भाषिक राज्यहरूका आ-आफ्नै कामकाजी भाषा हुन सक्छन् र अहिलेको खश नेपाली भाषी उच्च-जातिहरूले (कर्मचारीतन्त्रमा छनौट हुन) नयाँ भाषा पनि सिक्नुपर्ने सम्भावना रहन्छ।

५. उनीहरूले देखेका यस्ता कैयौं चुनौतीका अतिरिक्त, जागीर वा कर्मचारीतन्त्रमा (प्रवेश तथा वृत्ति-विकासका लागि) सम्बन्धित् प्रदेशको मुख्यमन्त्री वा राजनीतिक नेतृत्वको संरक्षण पनि निकट-सम्बन्धको कारण आदिवासी/जनजाति, मधेशी र दलितलाई नै रहने परिस्थिति हुन आउँछ।

६. माथि उल्लेखित विविध परिस्थितिले गर्दा राज्यको स्रोत र शक्तिमा रहेको परम्परागत एकाधिकार नेपाली-भाषी उच्च-जातिहरूबाट आदिवासी/जनजाति, मधेशी र दलितहरूमा हस्तान्तरण हुँदै जान्छ।

७ आजसम्म उत्पीडनमा रहेका समुदायहरू आफ्नो विकास आफै गर्न र सम्भ्रान्त वर्गबाट हुने षडयन्त्रमुलक शोषणका बिरुद्ध संगठित हुने अवसर पनि जातीय-भाषिक संघीयताबाट प्राप्त हुन्छ।

यी माथिका सबैकुराहरू समीक्षा गरेर हेर्दा यथार्थमा कथित् उच्च-जातिहरू राज्यको स्रोत र शक्तिमा रहेको एकाधिकार छोड्न इन्कार गरिरहेका छन् तर उनीहरूको बिरोधको निशाना भने नेपाललाई जातीय-भाषिक प्रदेशमा विभाजना गर्ने प्रस्तावबिरुद्ध गरिएको आलोचनाको रुपमा देखाउन चाहन्छन्। सबै जातिलाई राज्य दिएर साध्य हुन्न भन्नेजस्ता तर्कहरू उठाउने गर्छन्। यथार्थमा यी तर्कहरू बाहिरी

देखाउने अडान मात्र हुन्, भित्री चाहना भनेको राज्यको स्रोत र शक्तिमा रहेको एकाधिकार छोड्न इन्कार गर्नु नै हो । सर्वसाधारणलाई भ्रम दिएर रणभुल्लमा पार्नुसिवाय यस्ता कपोलकल्पित तर्कहरूको कुनै तुक भने देखिँदैन ।

विश्व-परिवेशको अध्ययनबाट देखिएको कुरो त, जातीय-प्रदेशमा आधारित संघीयताबाट नै संसारका धेरै देशहरूमा जातीय सहिष्णुता र समावेशी लोकतन्त्र मौलाएका छन । त्यसैगरी,

**विश्व-परिवेशको अध्ययनबाट देखिएको कुरो त, जातीय-प्रदेशमा आधारित संघीयताबाट नै संसारका धेरै देशहरूमा जातीय सहिष्णुता र समावेशी लोकतन्त्र मौलाएका छन । त्यसैगरी, जातीय-भाषिक संघीयताबाट मात्र देशभित्रका विभिन्न भाषा तथा संस्कृतिहरू समानरुपले मौलाउन पाउनेछन् भन्ने कुरामा बहस गरिरहनु पर्ने विषय नै होइन ।**

जातीय-भाषिक संघीयताबाट मात्र देशभित्रका विभिन्न भाषा तथा संस्कृतिहरू समानरुपले मौलाउन पाउनेछन् भन्ने कुरामा बहस गरिरहनु पर्ने विषय नै होइन । स्विट्जरल्याण्ड र स्पेनलाई उदाहरणको रुपमा हेरे पुग्छ । हाम्रै छिमेकी देशहरू भारत, श्रीलङ्का, र पाकिस्तानबाट पनि यस्तै जानकारी पाउन सक्छौं ।

अब फेरि, अर्को प्रसङ्गतर्फ लागौं, राज्य पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिबाट जातीय पहिचान, भाषिक, क्षेत्रीय सामर्थ्यलाई मुल आधार मानेर तयार पारिएको खाकामा केही प्रदेशको सिमाङ्कन सम्बन्धमा लिम्बुवानलगायतका केही प्रदेशमा रहेका सुधार गर्नुपर्ने त्रूटीबाहेक सैद्धान्तिक रुपले नेपालको भू-बनावट र जातीय तथा भाषिक भावनासँग मेलखाने गरी आएको छ । यस खाकालाई आदिबासी/जनजातिमा आधारित जातीय राजनीतिक पार्टी, जातीय-संस्था र आदिवासी/जनजातिका स्वतन्त्रहरू बुद्धिजीवी तथा अभियानकर्ताहरूका तर्फबाट स्वागत पनि भइसकेको अवस्था छ । तर, यस्ता कुरा मिडियामा ल्याउँदा सम्भ्रान्तवर्गको मिसन-पत्रकारिताले ठाउँ नै दिदैन । अझ प्रष्ट कुरा के छ भने आफ्नो भिन्न ऐतिहासिक भूगोल, भाषा, संस्कृति र सभ्यताले बेग्लै राज्य बनाउन सक्नेले मात्र पहिचानको आधारमा राज्य माग गरेका हुन्, सबैले होइन । बाँकी अन्य समुदायहरूको माग भाषा-संस्कृति सँरक्षणका लागि स्वयत्तता मात्र हो, त्यो पनि मस्यौदा-प्रतिवेदनमा समेटिएको छ ।

पुनः उजागर गर्नुपर्ने कुरो यो हो कि, हिन्दूवादी परम्पराले निर्मित समाज र राज्यमा आजसम्म उच्च-जातिहरूकै पकड रहेको छ । यस प्रकारको समाजमा वर्गीय शैलीमा नै जातीय शोषण भइरहेको तथ्य पनि यथार्थ हो । नयाँ नेपालको रुपरेखा कोरिन लाग्दा सबै प्रकारका शोषणबाट देशवासीहरूले मुक्ति खोजेका छन् । तर, अझै पनि नियोजित जनदवाब सृजना गरेर राज्य पुनःसंरचना समितिको मस्यौदा प्रतिवेदनलाई उल्टाएर सम्भ्रान्त-वर्ग अनुकूल नेपाललाई आकार दिन दुस्साहस भइरहेका छ । यसको सोझो अर्थ हो- जातीयता वा पहिचानलाई उनीहरूले अझै पनि स्वीकार गर्न सकेका छैनन् । हिन्दू वर्णाश्रम्मा बनेको जातजाति र मानवशास्त्रीय ढङ्गले विकसित हुँदै आएको जनजाति-समूहहरूको जातीयता (Nationality) फरक हुन् भन्ने कुरो बुझेर पनि उनीहरूले बुझ पचाएका छन् । उनीहरूको दृष्टिकोणमा नेपाल अझै एकात्मक रहनुपर्छ, हिन्दू धर्म नै सबैको साझा धर्म रहनुपर्छ, र ब्राह्मणवादी राज्यसत्ताले आजसम्म जो गऱ्यो ती कुराहरूलाइ नै चोख्याएर सदर गरिनुपर्छ भन्ने उनीहरूको इरादा हो । तर, यस्ता कुराहरू कसरी आदिवासी/जनजातिलाई स्वीकार्य हुन्छ ?

यो लेखको अन्तिम तर मुलभूत आसय के हो भने, राजनीतिक नेताहरूको सदबुद्धि र इमान्दार सोचबाट आजको यस ऐतिहासिक अवसरलाई सही ढङ्गले उपयोग गर्न सकून भन्ने हो, जसबाट युगौं ठगिएकाहरूको मुक्ति साथै नेपालीमात्रमा एकता र राष्ट्रिय-सहमति कायम हुन सकोस् । देशमा दिगो शान्ति र प्रगतिको लागि संयुक्त राष्ट्रसंघको घोषणा-पत्र (सरकारबाट अनुमोदित भइसकेको) द्वारा प्रदत्त-आदिवासी/जनजातिहरूका आफ्नो विकास, जीवनपद्धति र पहिचान (भाषा र संस्कृति) सँग निरन्तर रहन पाउने जन्मसिद्ध अधिकारलाई अभ्यास गर्न उपयुक्त हुने जातीय-भाषिक संघीयता सुनिश्चित गरिनु अनिवार्य छ । अन्यथा, हालसम्म नेपालमा सुसुप्त अवस्थामा रहेको जातीय द्वन्द्व भडकिने अवस्था आउन सक्छ । यस बिषयमा पूवाग्रहरहित ठण्डा दिमाग लगाएर सोच्न आवश्यक छ । विगतमाझैं आइपरेको समस्याबाट जोगिन राजसँस्थालाई ढाल बनाएर उम्किने अवस्था शासकवर्गको लागि अब छैन । तसर्थ, अहिलेको राजनीतिक जटिलतालाई, नेपालको शासनव्यवस्थामा पकड राख्ने कथित् उच्चजातिहरूले आफै बुझन र आदिवासी/जनजातिहरूको तर्फबाट पनि आफ्नो सरोकार उनीहरूलाई (बुझ्ने-भाषामा) जानकारी गराउन उत्तिकै जरुरी छ । जातीय युद्ध भडकिएको खण्डमा आदिवासी/जनजातिहरूले अव गुमाउनु पर्ने केही बाँकी छैन, बरु गुम्ने त सम्भ्रान्त वर्गकै मात्र हो । आदिवासी/जनजातिहरूको भने गुमेको अस्तित्व पुःन प्राप्त गर्न र त्यसका लागि चुक्न नहुने अन्तिम अवसर पनि यही हो ।

●●●

(लेखक, डिभलपमेण्ट सोसियलजिष्ट हुन्)

# संविधान सभामा प्रस्तावित राज्यको पुर्नसंरचना र लिम्बुवान







## लिम्बुवान

### लिम्बुवान सङ्खुवासभाका किरात राज्यमा पारिएका गाउँ विकास समितिहरू:

१. बाह्रबीसे
२. बाला
३. चेपुवा
४. धुपू
५. दिदिङ
६. हटिया
७. किमाथाङ्का
८. खाँदवारी
९. माङ्तेवा
१०. मत्स्यपोखरी
११. नुम
१२. पाथीभरा
१३. पावखोला
१४. सिसुवा
१५. शितलपाटी
१६. ताफू
१७. याफू

लिम्बुवान सङ्खुवासभाका शेर्पा राज्यमा पारिएको गाउँ विकास समिति:

१. मकालु

लिम्बुवान धनकुटाका किरात राज्यमा पारिएका गाउँ विकास समितिहरु:

१. आहाले
२. आँखीसल्ला
३. बेलहारा
४. भेडेटार
५. छिन्ताङ
६. चुङमाङ
७. धनकुटा न. पा.
८. फलाटे
९. घोर्लीखर्क
१०. खोकू
११. महाभारत
१२. मुगा
१३. पाखीवास
१४. भेडेटार

मोरङ जिल्लाका लिम्बुवानमा पारिएका गाविसहरु

१. भोगटेनी
२. पाटीगाउँ
३. रमितेखोला
४. सिंहदेवी
५. तांडी
६. वाराङ्गी
७. याङसिला

बाँकी झापा, मोरङ र सुनसरीका सबै भू-भागहरू मिथिला-भोजपुरी, कोच-मधेश राज्यमा पारिएका छन् ।

स्रोतः संविधानसभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ संविधानसभा नियमावली, २०६५ को नियम ७३ (१) (घ) तथा नियम ८२ (१) बमोजिम संविधानसभामा पेश गरिएको संविधानसभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको फाँडफाँड समिति सिंहदरवार, काठमाडौं ।

# राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्यको नयाँ रचना



भवानी बराल

## विषय प्रवेश:

एकात्मक राज्य व्यवस्था र शासनपद्धतिका असफलताका कारण मुलुक संघीय संरचनामा प्रवेश गर्ने दैलोठेलोमा पुगेको छ । संघीय पद्धतिले राजनीतिक अनुमोदन पाइसकेको छ र अन्तरिम संविधान २०६३ ले संघीय संरचनालाई संवैधानिक तथा कानूनी मान्यता पनि दिइसकेको छ । अब संघीय संरचनाको उपयोगिता मात्र सिद्ध गर्न बाँकी छ । तर संघीय संरचनाको सिद्धान्त, नीति, योजना तथा कार्यक्रमको अभावमा संघात्मक राज्यप्रणाली जटिल एवम् पेचिलो बन्न गएको छ जसका कारण संघीय संरचनाको आधार राजनीतिकवृत्तले खुट्याउन सकिरहेको छैन ।


## नेपालको विशिष्टता:

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषतायुक्त देश हो । अन्तरिम संविधान २०६३ को भाग-१ प्रारम्भिक-३ ले नेपाल राष्ट्रको परिभाषा यसरी नै गरेको छ । यसभन्दा अघिको संविधान अर्थात् नेपालको संविधान २०४७ ले यसअनुरुपको व्याख्या गरेको थिएन । यसर्थ नेपाली समाजको यस्तो विविधतालाई सम्बोधन गर्न अन्तरिम संविधान सक्षम भयो । तर यो विविधतालाई सम्बोधन गर्ने शासनपद्धति स्वीकार्न वा सँस्थागत एवम् संवैधानिक मान्यता दिन अन्तरिम संविधान असक्षम भयो र मधेश आन्दोलनपछि संघीयतालाई स्वीकार्न बाध्य भयो । यही परिदृश्यमा संघीय संरचना विधिवत स्वीकारेर अघि बढ्नुको विकल्प रहेन ।

नश्लको हिसाबले मंगोल, आर्य, अष्ट्रो र द्रविड, भाषा परिवारको हिसाबले भोट-बर्मेली, भारोपेली, अष्ट्रो, द्रविड चार प्रकारका र कुसुन्डा (डा.माधव पोखल, डा. टंक न्यौपाने) पाँच प्रकारका समुदायका मानिसहरु नेपालमा बसोवास गर्छन् । यी परिवारबाट करिब १०१ जाति र ९२ भाषिक समुदाय रहेको विभिन्न तथ्याङ्कहरुले सार्वजनिक गरेका छन्। यसका अतिरिक्त जमिनसंगको हिसाबले आदिवासी र गैरआदिवासी, मानव समाज विकासको हिसाबले गण, कविला, जाति र राष्ट्र, जाति तथा जनजाति, उत्पीडित तथा दलित जाति समुदाय बसेको यो मुलुक हो । विगतमा यिनै समुदाका जातीय सामन्ती गणराज्यहरु थिए । गोरखाका राजा पृथ्वीनारायण शाहले राज्य विस्तार गर्नुअघि ५२ गणराज्यमा यी समुदाय विभाजित थिए । राजा पृथ्वीनारायण शाहले गोरखा राज्यको विस्तारको क्रममा आफूमा सम्मिलन गराए र ठूलो सामन्ती राज्यको स्वरुप दिए । नेपालको यो स्वरुप निर्माण गर्दा पृथ्वीनारायण शाहले सशस्त्र हमला र सन्धी-सम्झौता दुवै साधनको प्रयोग गरेका थिए । तर नेपालको यो स्वरुप विभिन्न कालखण्डमा गठन-विघटन हुँदैआएको हो । किरातकाल, लिच्छविकालमा पनि नेपालको बृहत्तर स्वरुप रहेको इतिहासकारहरुले उल्लेख गरेका छन्। चीनिया यात्री हुयान साङ्ले चिनिया वादशाहलाई भारतभन्दा उत्तरमा नेपाल नामको देश रहेको र त्यसको पूर्व-पश्चिम लम्बाई चौधसय लि (१४०० लि) लामो भूभाग भएको उल्लेखगरेबाट पनि तत्कालीन अवस्थामा नेपालभित्र विभिन्न राज्य रहे पनि समग्रमा नेपाल भनिने गरेको इतिहासले बताउँछ । यिनै ऐतिहासिक तथ्यलाई ख्याल गर्दै आजको संघीयता निर्माण गर्नु प्रस्थान विन्दु हुनसक्छ ।

## संघीयताको सिद्धान्त :

नेपालको विशिष्टतामा संघीयताको सिद्धान्तमा अलमल भएको छ । नेपालको यो भौगोलिक स्वरूप निर्माण भए यता नेपाली समाजमा भएको उत्पीडन कुनकुन रूपमा प्रकट भए तिनै आधारलाई संघीय राज्यको निर्माणले सम्बोधन गर्नु पर्छ । सबैले ठहर गरेको कुरो हो विगतमा नेपालमा वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय उत्पीडन भयो । अहिलेसम्म त्यसैको निरन्तरता छ । यसर्थ संघात्मक राज्य वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय समस्याको समाधान गर्न निर्माण गर्ने हो । अर्को नेपाल वहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसाँस्कृतिक मुलुक हो । यी समस्या समाधान गर्न पनि संघ राज्यको आवश्यकता परेको हो । यसमानेमा जातीय




र भाषिक विशिष्टता सम्बोधन नगरी नहुने विषय हो । तर जातीय र भाषिक विशिष्टतालाई सम्बोधन गर्ने संघीयताको सिद्धान्त आत्मनिर्णयको अधिकार तथा स्वायत्तताको योजना तथा कार्यक्रम आकर्षित हुन्छ । राजनैतिक विज्ञानमा भएको आत्मनिर्णयको अधिकारको नीति एवम स्वायत्तताको योजना तथा कार्यक्रमरहित संघीयताको सिद्धान्त हुन सक्तैन । यद्यपि, नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकारको विश्लेषणात्मक व्याख्या भएको छैन । आत्मनिर्णयको अधिकार प्रदेशगत हुने वा जातिगत हुने कुनै दल विशेषले पनि ल्याउन सकेको छैन । केवल राष्ट्रिय अखण्डताबाहेक आत्मनिर्णय हुने अमुर्त व्याख्या भएको छ । आत्मनिर्णयको अधिकार नेपालको सन्दर्भमा केन्द्र र प्रदेशबीचको शक्ति सन्तुलनको अर्थमा विधिगत रूपमा लिनु उपयुक्त हुन्छ । तर राज्य पुनर्संरचना समितिले आत्मनिर्णयको व्याख्यालाई नकारात्मक ढंगले प्रवेश गराएको छ । र करिव करिव आत्मनिर्णयको अधिकार समितिको भाषामा निषेधित विषय भएको छ ।

संघीयताको सिद्धान्त : आत्मनिर्णयको अधिकार

संघीयताको कार्यक्रम : स्वायत्तताको योजना

संघीयताबाट स्वशासन, स्वायत्तता झिकिदिने हो भने त्यो एकात्मक चरित्रको हुनेछ । दुनियाँका संघीय राज्यहरूबाट अनेकन संघहरू माग हुनुको पछाडि रहस्य स्वशासनको अभावले हो । भारतमा स्वशासन छैन प्रदेशहरूमा। यसर्थ त्यहाँ धेरै प्रदेशहरूको माग भैरहेको छ । भाषाका आधारमा मात्र २२ वटा राज्यको माग भारतमा भैरहेको छ। यसर्थ स्वायत्तताको योजना वा स्वशासन विना संघीय रचना दीर्घ र संस्थागत हुन सक्तैन ।

राज्य पुनर्संरचना समितिले पारित गरेको प्रदेशको कार्यक्रम यो सिद्धान्त देखिन्न । स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्रको व्यवस्था गरिए पनि यिनको गठनसँगै प्रदेशको तिन तहको व्यवस्थाले यो वाझिएको हकमा पुगेको छ । नेपालको विशिष्ठतामा जातीय, भाषिक या क्षेत्रीय जुनै आधारले संघ निर्माण गरेपनि स्वायत्त, क्षेत्र स्वशासित क्षेत्र आवश्यक हुन्छ। कार्यक्रमिक रूपमा समितिले यो क्षेत्र प्रस्तावित गरेको छैन । कार्यक्रमिक रूपले आउन जरूरी छ ।

## संघीयताको आधारः

नेपालको सन्दर्भमा संघीय संरचनाको आधार नेपाली सामाजिक समुदायको राष्ट्रियतासंग अन्तरसम्बन्धित छ । हरेक नेपाली समुदायको राष्ट्रियता कहाँ छ भनेर खुट्याउन सक्दा मात्र संघीय संरचनाको आधार भेट्न सकिन्छ । यो आधारबाट राष्ट्रियता पहिचान गर्नसकिन्छ । साझा भाषा, साझा भूगोल, साझा मनोविज्ञान र साझा अर्थ जीवनको आधारमा नेपालमा केही जाति राष्ट्रको योग्यता क्षमतामा पुगेका छन् । ती राष्ट्र तथा राष्ट्रोन्मुख जातिको भौगोलिक ऐतिहासिक निरन्तरता वर्तमानमा पनि छ । अर्को भाषिक आधारमा भाषा साझा छ, जातिहरु फरक छन् तर भूगोल




# लिम्बुवान

मिलेको छभने भौगोलिक आधारमा त्यस्ता समुदायको पहिचान बनाउन सकिन्छ । मधेशको हकमा यो जटिलता सम्बोधन गर्नु पर्छ । मधेश आन्दोलनले केही हदसम्म सम्बोधन गरेको थियो । अर्को आधार भनेको जनताको आन्दोलन हो । जनआन्दोलनको माध्यमबाट विभिन्न समयमा जनताले आफ्नो इच्छा चाहनाको संघीयता माग गरेका छन् । यस अर्थमा मधेश, थरुहट, लिम्बुवान, नेवा लगायतका संघीय संरचना जनअनुमोधित भइसकेका छन् । राज्यले विभिन्न समयमा वैधानिक सहमति पनि गरिसकेको छ । तर जनताले थाहै नपाएका, मागै नगरेका प्रदेशको विभाजन गर्नुको कुनै तुक छैन । जनताले नइच्छाएको यस्तो संघीयता टिक्नेवाला छैन ।

यसर्थ पहाडमा जातीय पहिचान, ऐतिहासिक तथा भौगोलिक निरन्तरताका आधार एवम् जातीय ऐतिहासिक पृष्ठभूमिको आधारमा संघीयतामा जान सकिन्छ तर इतिहासको विभिन्न कालखण्ड गुज्रेर जाँदा आर्थिक, सामाजिक-सांस्कृतिक सन्तुलन भङ्ग भइसकेको छ । त्यसकारण सम्बन्धित जातीय समुदाय र गैर जातीय समुदाय दुवैको मुक्तिको हलगर्ने संरचना निर्माण गर्नु जरुरी हुन्छ । रैथाने जाति र गैर रैथानेबीचको अन्तरविरोधको हलगर्नें वा समायोजन गरेर राष्ट्रिय राज्यको परिकल्पना गर्नुपर्छ तर सम्बन्धित जातिको उत्पीडनको आधारलाई यहाँ ख्याल गर्नुपर्छ । सम्बन्धित जातिको जातीय स्वायत्तता अनिवार्य सर्तका रुपमा अगाडि आउँछ । यसर्थ नयाँ नेपालको आधुनिक संघीय संरचना यसरी मात्र निर्माण हुनसक्छ ।

आत्मनिर्णयको अधिकारको नीति, स्वायत्तताको योजना तथा कार्यक्रम संघीय संरचनाको सिद्धान्त हो । यो सिद्धान्त बिना नेपालको संघीयता निर्माण गर्नु असम्भव छ । यो सिद्धान्तको अभावमा पनि संघ त बनाउलान् तर ती सबै एकात्मक शैली र विशेषताका हुनेछन् । स्वायत्तता र स्वशासन संघीयताबाट झिकिदिने होभने जतिसुकै संख्यामा राज्य बनाए पनि ती सारका एकात्मक प्रदेश हुन्छन् जसले भविष्यमा अनन्त प्रदेश बनाउदा पनि संघीयताको मेलो अन्त्य हुनेछैन जस्तो कि भारतमा ।

## सिमाङ्कन:

पहिलोपटक विभिन्न आन्दोलनले माग गरेका र ऐतिहासिक प्रमाणका आधारमा प्रदेशको सिमाङ्कन गर्नु जरुरी छ । राजनीतिक अभ्यासका क्रममा फेरि पनि सम्मिलन गर्न सकिन्छ तर पहिलोपटक ऐतिहासिक आधारमा सिमाङ्कन गरिएनभने त्यसले ठाडो, तेर्सो सबै झगडालाई निम्त्याउछ र संघीय संरचना बन्नै नसक्ने झगडाको बिउ हुनेछ ।

## राज्य पुनर्संरचनाको खाका र अन्तरवस्तु:

भर्खरै राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले १४ प्रदेशको खाका बहुमतले पारित गरेको छ । जाति/समुदाय, भाषा, संस्कृति, ऐतिहासिक निरन्तरता, क्षेत्रगत र भौगोलिक निरन्तरतालाई पहिलो आधार मानेको दाबी गरेको छ । यस्तै आर्थिक सम्बन्ध, सामर्थ्य, प्राकृतिक साधनको अवस्था, विकासको पूर्वाधारको स्थिति र प्रशासनिक सुगमता रहने विषयका आधारमा परिक्षण र विश्लेषण गरी नेपाली जनताको चाहना र भावना अनुरुप नेपाललाई प्रारम्भिक र प्रस्तावितरुपमा १४ प्रदेशको विभाजन गरेको समितिको प्रस्तावनामा उल्लेख गरेको छ । तर समितिका यी दुई आधार हात्तीको देखाउने दाँत जस्ता छन् । यी आधारबाट १४ प्रदेश बनाएको कुरा आफैँमा हास्यास्पद



लाग्छ । यी आधारबाट १४ प्रदेश बनेको दाबी कतैबाट पुष्टि हुँदैन ।

समितिले संघ, प्रदेश र स्थानीय निकाय तीन तहको प्रशासनिक इकाई भएको संघीयता प्रस्ताव गरेको छ । तर यसको स्वरुपको कतै व्याख्या भएको छैन । प्रादेशिक सरकार र व्यवस्थापिका निलम्बन गर्नसक्ने अधिकार केन्द्रमा राखेर प्रदेशलाई केन्द्रको प्रशासनिक इकाईमा पतन गराइएको छ । केन्द्रमा अवशिष्ट अधिकारको आधारमा हेर्ने हो भने यो भारतको सक्कल बमोजिमको नक्कल हो । हचुवाको भरमा अग्राधिकारको व्यवस्था गरेको छ । यसले पदीय अधिकारलाई मात्र व्यवस्थित गर्छ । उच्चस्तरीय राजनीतिक संयन्त्रले राज्य पुनर्संचना आयोग बनाउने सहमति गरेको सन्दर्भमा यो प्रस्तावको औचित्य स्वतः समाप्त भएको मान्न सकिन्छ ।

प्रदेशः रचना

जातीय र भाषिक आधारबाट संघ रचना गर्दा एक दर्जन भन्दा बढी प्रदेशहरू निर्माण हुन सक्तैनन । जातीय आधारमा संघ राज्यको निर्माण गर्ने दुईवटा आधार छन् ।

१. जातीय ऐतिहासिक पृष्ठभूमि र निरन्तरता

२ राजनैतिक विज्ञान अनुसार राष्ट्र वा राष्ट्र उन्मुख जातिको परिभाषामा परेका जाति समुदाय

भाषिक आधारमा गठन गरिने राज्यहरूको माग आन्दोलनको रूपमा आउन सकेन । केवल एकमुष्ठ रूपमा मधेस आन्दोलन आयो । मधेस आन्दोलनले औपचारिक रूपमै स्थापित हुने मौका पाएको छ । मधेसमा भाषाको आधारमै राज्यको गठन गर्नु युक्तिसंगत हुन्छ । मधेसले केवल एकमुष्ठ पहिचानमात्र स्थापित गर्न सकेको छ । तर मधेसी समुदायले आफ्नो अभिमतमार्फत मधेस वनाउन चाहे भने पनि मिथिला, भोजपुरा र अवधि भाषिक समुदायको स्वशासन आवश्यक हुन्छ । तर, एक मधेस एक प्रदेश हुन सक्तैन । तराईमा थारू जातीय ऐतिहासिक पृष्ठभूमिको आधारमा थरूहटलाई निषेध गर्न मिल्दैन । यस्तै सिंगो तराई एक थरूहट प्रदेश पनि औचित्यपूर्ण हुनै सक्तैन ।

विभिन्न आधारमा हुने राज्य

१. लिम्बुवानः (जातीय)

समावेश जिल्ला ताप्लेजुङ, संखुवासभा (अरूणपूर्व) तेह्रथुम, पाँचथर, धनकुटा, इलाम, सुनसरी, मोरङ अर्थात सप्तकोसीपुर्वका मेची कोसीका ९ जिल्ला । तर झापा सुनसरी र मोरङ राजमार्ग दक्षिण लोहान्द्रा खोला पूर्व मधेसमा समावेश गर्न उचित हुन्छ ।

२. खम्वुवान वा (किरात);: (जातीय)

सोलु, संखुवासभा (अरूण पश्चिम) भोजपुर, खोटाङ, ओखलढुगा, उदयपुर (चारकोशे उत्तर)

३. मधेस : (समुदाययगत क्षेत्रीय)

पर्सा, वारा, रौतहट, महोत्तरी, सर्लाही, धनुषा, सिराहा, सप्तरी, उदयपुर चुरे दक्षिण, सप्तरी, सुनसरी, मोरङको राजमार्ग दक्षिण लोहान्द्रा खोला पश्चिम, मिथिला, भोजपुरी र अवधी भाषिक राज्य पनि निर्माण गर्न सकिने ।

४. थारूहट : (जातीय)
चितवन (पहाडी भूभागलाई छोडेर) नवलपरासी (पहाडी भूभागलाइ छोडेर) रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, वर्दिया, कैलाली, कञ्चनपुर ।

५. नेवाः (जातीय)
काठमाडौं, ललितपुर र भक्तपुर ।

६. तामाङसालीङ : (जातीय)
दोलखा, रामेछाप, सिन्धली, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ र चितवनको पहाडी भूभाग ।

७. तमुवान : (जातीय)
कालीगण्डकी नदीदेखि वुढी गण्डकी नदीसम्मका पहाडी भूभाग । समावेश गरिनु पर्ने जिल्ला गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, मुस्ताङ, मनाङ, पर्वत ।

८. मगराँत : (जातीय)
कालिगण्डकी नदीदेखि भेरी नदीसम्मका सम्पूर्ण पहाडी भूभाग । समावेश जिल्ला - म्याग्दी, गुल्मी, वागलुङ, पाल्पा, अर्घाखाँची, रूकुम, रोल्पा, प्यूठान, सल्यान र डोल्पा ।

९. खसान : कर्णाली अञ्चलको भेरी नदीले काटेको डोल्पा जिल्लाको आधा भाग फोक्सुण्डो ताल पश्चिमको भूभाग, हुम्ला, जुम्ला, मुगु, बझाङ, बाजुरा, अछाम, कालीकोट, दैलेख, जाजरकोट र सुर्खेत ।

१०.पश्चिम खसान : दार्चुला, वैतडी, डडेल्धुरा र डोटी ।

स्वायत्त क्षेत्रहरू

१. लिम्वुवान :
शेर्पा, लेप्चा, याक्खा, आठप्रे, लोहरूङ, याम्फू, धिमाल, मेचे, राजवंशी (कोच), ताजपुरीया, उराउ, सन्थाल (सतार), किसान, मुण्डा, गनगाई, वालुङ, तोप्केगोला, खम्वू (१६ खाल्सा), मुस्लिम, थारू आदि ।

२. खम्वुवान (किरात) स्वायत्त क्षेत्र (स्वशासित इलाका)
गुरूङ, मगर, तामाङ, सुनुवार, माझी, भोटे, याक्खा, नेवार, सुनुवार आदि ।

३. तामाङसालीङ स्वायत्त क्षेत्र
सुरेल, हायू, दनुवार, जिरेल, थामी, चेपाङ, माझी, कुमाल, दराई, पहरी, वोटे, नेवार, गुरूङ, मगर, धर्तीभूजेल आदि ।

४. नेवाः
पहरी, मगर, तामाङ, राई, लिम्वू आदिको इलाकीय स्वशासन

५. तमुवान

वराम, दुरा, थकाली, चेपाङ, कुमाल, दराई आदिको स्वायत्त क्षेत्र र नेवार, तामाङ आदिको स्वशासित इलाका।

६. मगराँत

छन्त्याल, कुमाल, दराई, माझी, वोटे आदिको स्वायत्त क्षेत्र र गुरूङ लगायतका आदिवासीको स्वशासीत इलाका ।

७. खसान

शेर्पा, वोटे, गुरूङ, तामाङको स्वशासित इलाका ।

८. पश्चिम खसान

व्याँसी जनजातिको स्वायत्त क्षेत्र हुनुपर्छ ।

दलित

सबै प्रदेशमा दलितको स्वशासित इलाका वन्न सक्छ । दलितलाई राज्यमा प्रतिनिधित्व गराउने विशेषाधिकारको सिद्धान्त आकर्षित गराउने ।

अन्त्यमा,

यी राज्य राजनैतिक आन्दोलनका माध्यमबाट अनुमोदित पनि भएका हुन र राज्यले विभिन्न समयमा वार्तामार्फत औपचारिक रूपमै मान्यता दिएको हो । अत सुनकोशी, नारायणी, कर्णाली जडान राजनैतिक रूपले नउठेको हुनाले र यसले पहिचान र सामर्थ्यतालाई पनि नस्वीकार्ने भएकोले प्रदेशका रूपमा राख्नु वान्छनीय छैन ।

सुझावहरू

परिच्छेद -२

- परिभाषा २ मा गैर जातिको स्वशासित इलाका प्रदेशभित्र निर्माण गर्न जरूरी छ ।
- परिच्छेद २ को ३ राज्यको पुनर्संरचना र राज्यको स्वरूप अन्तर्गत ४ को संघीय नेपालको तह संघ, प्रदेश तथा स्थानीय गरी तीन तह मात्र हुने गरिएको व्यवस्था प्रशासनिक तह (इकाई) मात्र भएकोले विशेष संरचना, संरक्षित क्षेत्र, स्वायत्त क्षेत्र सँग सोझै वाझिएको छ । अतः प्रदेश रचना प्रदेश हेरी कति चक्के (टायर) वनाउने जिम्मा सम्वन्धित प्रदेशलाई छाडिदिनु पर्ने ।
- प्रदेशको व्यवस्थापिका दुई सदनात्मक हुनुपर्छ । प्रदेशमा पनि व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका तथा स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र प्रदेश हुने भएपछि दुई सदनात्मक जरूरी हुन्छ ।
- प्रदेशको नाम परिवर्तन गर्ने अधिकार प्रदेशले जनमतमार्फत गर्न सक्ने व्यवस्था वा व्यवस्थापिकाले गर्ने र संघीय व्यवस्थाले अनुमोदन गर्ने व्यवस्था गर्नु उचित हुन्छ ।
- महिलाको अधिकार (१४) को प्रयाप्तता नभएको महिलाको ५० प्रतिशत वा वरावरी प्रतिनिधित्व संघ वा प्रदेशमा हुनु पर्ने ।
- राजनैतिक अग्राधिकार मुख्य नेतृत्व पदमा होइन । प्रदेशको व्यवस्थापिकाको गठनमा हुनुपर्छ । पदीय अग्राधिकार होइन विधीय अग्राधिकार हुनपर्ने ।
- स्वायत्त क्षेत्रमा विशेष क्षेत्र र संरक्षित क्षेत्रको परिषद वनाउने र सोही परिषद (व्यवस्थापिका) मा सम्वन्धित समूदायको राजनैतिक अग्राधिकार कायम राख्ने ।
- स्वायत्त क्षेत्रको सुची २३ मात्र रहेको (अनुसूची-२) मा सम्वन्धित प्रदेशलाई स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्रको सूची निर्माण गर्ने अधिकार दिने ।

अनुसूची-३ संघको अधिकारको सूची

- प्रचलित मान्यता अनुसार रक्षा, मुद्रा र विदेश मामिला केन्द्रीय संघमा राखी बाँकी प्रदेशमा छाडिदिने ।
- साझा सूची र केन्द्रीय सूची एक अर्कामा परेका छन त्यसलाई प्रष्टसँग फरक पार्ने ।
- अवशिष्ट अधिकारको स्पष्ट व्याख्या हुनुपर्छ ।
- प्रादेशिक सरकार र व्यवस्थापिका निलम्वन गर्ने अधिकार केन्द्रीय संघलाई हुनुहुन्न । जनमत संग्रहमार्फत प्रादेशिक सरकार र व्यवस्थापिका निलम्वन गर्ने वा जनताबाट प्रत्याव्हान गर्ने व्यवस्था हुनुपर्ने ।
- प्रदेशहरूमा २ सदनात्मक व्यवस्था हुनुपर्ने विशेष क्षेत्र, स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रको प्रतिनिधित्व गराउन दुई सदन आवश्यक हुन्छ ।
- प्रान्तीय अदालत नै उच्च अदालत हुनुपर्ने ।
- संघहरूबीचको समस्या समाधान गर्न संवैधानिक अदालतको छुट्टै व्यवस्था केन्द्रीय संघले गर्ने । यो व्यवस्था गरिएकोले यो सकारात्मक छ ।
- गैर जाति तथा भाषिक समुदायको इलाकीय स्वशासित इलाका बनाउनु जरूरी छ ।

सन्दर्भ सामग्री

संविधानसभा राज्य पुनर्संरचना तथा राज्य शक्तिको वाँडफाँड समितिमा राजनैतिक दल, राज्य पुनर्संरचना समितिका सदस्यहरूको मात्र राज्य पुनर्संरचना सम्बन्धी राजनैतिक साहित्य सन्दर्भ सूचीमा उल्लेख गरिएको छ । संविधानसभा वाहिर रहेका मोर्चा, संघ, संस्था र व्यक्तिहरूले राज्य पुनर्संरचना सम्वन्धी लेखेको राजनैतिक साहित्य सन्दर्भमा नपर्नाले पनि राज्य रचनाको विवेचना वैज्ञानिक ढंगले नभएको हुनसक्छ ।

रहलपहलः

संघीय संरचनाको आधार, सिद्धान्त, नीति तथा योजना तथा कार्यक्रम बेगरको प्रदेश विभाजनको अर्थ हुन्न । नेपाली जनसमुदायको इच्छा, चाहना र मनोविज्ञानलाई प्रतिनिधित्व नगर्ने कुनै पनि रुप आकारको प्रदेश रचना गर्नु व्यर्थ हुन्छ । अतः ऐतिहासिक १२ बुँदे समझदारीको प्रस्तावनाको "वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय समस्याको समाधान गर्दै राज्यको अग्रगामी पुनर्संरचना गरिनेछ" वाक्यलाई मूर्तता दिन जरुरी छ । विभिन्न सहमति र सम्झौताका आधारमा नेपाली जनसमुदायमा भएको अन्तरविरोधको समाधान गर्न जाति, भाषाका आधारमा राज्यको पुनर्संचना गर्नुको विकल्प छैन । राज्यको नयाँ रचनाको यही प्रस्थान विन्दु र "रेशम मार्ग" हुनेछ ।

# अबको नेपाली राजनीतिक आन्दोलनको गठजोड र आगामी ध्रुवीकरण

भर्खरै, बितेका गिरिजाप्रसाद कोइराला उतिसारो प्रगतिशील नेता त थिएनन् । तैपनि, २०४६ पछि २०६२/६३ सम्मको 'बहुदलीय प्रजातन्त्र' मोडलको शासनब्यवस्थाको शक्ति राजनीति उनीवरिपरि नै केन्द्रीत थियो । डेढदशक लामो सो कालखण्डमा मुलुकको राजनीतिक, आर्थिक र सामाजिक अवस्था कुन गतिमा भासिँदै गयो समीक्षा गर्दा पुग्छ । तथापि, त्यसको गहिराइमा टीप्पणी गर्न यो बेला सान्दर्भिक नहोला । किनभने, जीवनभर उनलाई गाली गर्नेहरू यतिबेला उनको बखानमा मरेर लागिपरेका छन् । नेपाली समाजमा जीवनलाई गाली गर्ने र लासलाई पुजा गर्ने दुःखद् परम्परा छ ।

बहुसङ्क्रमणकालीन नेपालको राजनीतिलाई कसरी वैज्ञानिक र व्यवहारिक रुपमा बहुरुपान्तरण गर्ने भन्ने प्रश्न नै वर्तमान नेपालको केन्द्रीय राजनीतिक प्रश्न हो । नेपालको अहिलेको बहुसङ्क्रमणको राजनीतिलाई कुनै एक कोणबाटमात्र विश्लेषण भयो र एकपक्षीय निकासामात्र खोजियो भने त्यसले थप ध्वङ्सात्मक सङ्क्रमणको जगलाई नै बलियो बनाउँनेछ । खासगरेर, राज्यसत्ताबाट र आन्दोलनकै दृष्टिकोणबाट पनि अहिलेको नेपाली राजनीतिको सङ्क्रमणलाई बहुदृष्टिकोणबाट बस्तुगत समीक्षा, विश्लेषण र निकासा दिने ईच्छाशक्ति देखाउन जरुरी भइसकेको छ । यस सन्दर्भमा अब मुलुकका राजनीतिक दलहरूका आन्दोलनका ध्रुवीकरण कतातिर गठजोड हुँदैछ, कुन शक्तिहरू कहाँ ध्रुवीकृत हुँदैछन् र ती गठजोड र ध्रुवीकरणका आन्दोलनहरू कसरी बढ्नसक्छ आगामी दिनमा ? यो लेखको विषयबस्तु यसैमा केन्द्रीत हुनेछ ।

राजनीतिक सहमति निर्माण हुँदा २५० वर्षको राजतन्त्रलाई हटाउन सक्ने नेपाली राजनीतिको गतिशीलता कहाँ र कसरी कुन उल्झनमा फसेको छ ? यसको सिंहावलोकन गरिनुपर्दछ। २०६४ सालमा सम्पन्न संविधानसभाको निर्वाचनमा एमाले र काँग्रेसले पराजय भोग्यो र एकीकृत नेकपा माओवादीले विजय प्राप्त गऱ्यो । एमाले, काँग्रेसको पराजय र माओवादीको विजय उनीहरूकै दृष्टिकोणबाट पनि अपेक्षित नतिजा थिएन। नेपालको शान्तिप्रक्रिया र नयाँ संविधान निर्माणको ढोकामा भोटेताल्चा उतिबेलै लाग्यो जतिबेला एमाले, काँग्रेस र माओवादीले संविधानसभामा जीत र हारको अनपेक्षित नतिजा पाए । त्यहीबाट एमाले, काँग्रेस र माओवादीको त्रिकोणात्मक आक्षेपको प्रारम्भ भयो । तीन दलको द्वन्द्व रुपमा हेर्दा वामपन्थी र दक्षिणपन्थी शक्तिबीचको जस्तो देखिए पनि सारमा यस द्वन्द्वको चोट पहिचान, पहुँच, प्रतिनिधित्व र समान अधिकारको पक्षमा भइरहेको जातीय मुक्ति आन्दोलनलाई नै परिरहेको छ ।

संघीयताको आधार एक नम्बरमा जातीयता हुनुपर्छ भन्ने माओवादीलाई जनताले बढी मत दिए भने संघीयताको

नेपालको शान्तिप्रक्रिया र नयाँ संविधान निर्माणको ढोकामा भोटेताल्चा उतिबेलै लाग्यो जतिबेला एमाले, काँग्रेस र माओवादीले संविधानसभामा जीत र हारको अनपेक्षित नतिजा पाए। त्यहीबाट एमाले, काँग्रेस र माओवादीको त्रिकोणात्मक आक्षेपको प्रारम्भ भयो ।


सूर्य माखिम

आधार भूगोल, क्षेत्र र भाषापछि अन्तिम् नम्बरतिरमात्र जातीयता राख्ने एमाले काँग्रेसलाई आम नेपाली जनताले नराम्ररी छिर्के लगाएर संविधानसभामै नराम्ररी नै पछारी दिए । साथै, संविधानसभाको निर्वाचनमा सहभागी एक स्वतन्त्रसहित ५५ दलमध्ये २५ दल संविधानसभामा पुग्यो। २५ दलहरूमध्ये बहुमत दलहरूले संघीयताको आधार जातीय हुने भन्ने चुनावी घोषणापत्रमा उल्लेख गरेका थिए । यसले पनि नेपाली जनता जातीय संघीयताको पक्षमा रहेको पुष्टि हुन्छ ।

संघीयताको आधार एमाले, काँग्रेस र माओवादीको फरकफरक प्रस्तावना छन् । त्यसरी नै संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चलगायतका अन्य दलहरूले उठाएका लिम्बुवान, खम्बुवान, मधेस, थरुहट र तामाङसालीङ आदि दलहरूबाट जातीय संघीयताको पक्षका भएका आन्दोलनको अन्तरद्वन्द्वबाट १४ वटा खच्चड राज्यको प्रस्ताव संविधानसभामा भएकोछ । यही खच्चड चरित्रको प्रस्तावित १४ राज्यलाई एमाले, काँग्रेसलगायत यथास्थितिवादीहरूका नजरमा लगाम लगाउन नसक्ने डरलाग्दो विकासे घोडा भएकोछ भने जातीय मुक्ति आन्दोलनको नेतृत्व गरिरहेका सङ्गठनहरूले १४ राज्यको प्रस्ताव अविकसित, राम्रो काम नदिने गधा आकार र चरित्रको देखिरहेका छन् । यहाँसम्म आइपुग्दा पहिचान, पहुँच र प्रतिनिधित्वको जातीय मुक्ति आन्दोलनको मुद्दा वा उग्रवामपन्थी दृष्टिकोणका राजनीतिक मुद्दा वा यथास्थितिवादी घोर दक्षिणपन्थीहरूको राजनीतिक अजेण्डा पेरिसडाँडा दरवार, बल्खु दरबार र सानेपा दरबारमा कसरी विष्लेषण हुँदैछ र जातीय मुक्ति चाहने दलहरूले सङ्घर्षका तयारीहरू कसरी गर्दैछन् ? त्यसले नै अबका आन्दोलनका रुपहरु निर्धारण गरी अधिबढ्ने देखिन्छ । यसरी हेर्दा घोर दक्षिणपन्थि कित्ताको सङ्घर्ष, उग्रवामपन्थी सङ्घर्ष, पहिचान, पहुँच र प्रतिनिधित्वका लागि हुने मध्यम्मार्गीय जातीयमुक्ति आन्दोलन, मधेशवादी आन्दोलन र ज्ञानेन्द्र-पारसवादी चलखेलहरू नेपाली राजनीतिमा आउनेछन् ।

## पहिलोः घोर दक्षिणपन्थी गठजोड आन्दोलन

एमालेले कम्युनिष्टको पगरी ओडेपनि ऊ काँग्रेसभन्दा तीब्र

गतिको दक्षिणपन्थी ओराली यात्राको दौडमा छ । अहिले उसैको नेतृत्वमा सरकार पनि छ । उसको यात्रा दक्षिणतिरको ओरालीतिर नहुँदो हो त दलीय हैसियतमा कान्छो एमाले नेतृत्वको सरकार काँग्रेसलाई स्वीकार्य हुने थिएन । यथास्थितिवादी दक्षिणपन्थमा मिसिएका एमाले र काँग्रेस जातीय मुक्ति आन्दोलनका हरिप विरोधिहरू हुन् । उनीहरूको आन्तरिक योजना राज्यसत्ता र शक्तिको दुरुपयोग गरेर अस्तित्व, पहिचान, पहुँच र प्रतिनिधित्वको मुल अजेण्डामा स्थापित जातीय मुक्ति आन्दोलन र वामपन्थी प्रगतिशील विचारहरूलाई संविधानसभाभित्रैबाट गर्भपतन गराउने हो । र, उनीहरू मलुकलाई नामको संघीयतामा लगेर कामले केन्द्रीकृत र एकात्मकतर्फ डोऱ्याउने संविधान जारी गर्न तम्सिरहेका छन् । ताकि सयौंवर्षदेखि मुट्ठीभरका एकजातीय शासकहरूको हालीमुहालीलाई पुनः निरन्तरता दिन सकियोस् । यसका लागि राष्ट्रपतिको नाममा 'कु' गरेर सैनिक शासनसम्मको योजनामा थिए र छन् । यो कुख्यात् षड्यन्त्रको योजनाकार भारत, बेलायत र अमेरिकामा लामो समय प्राध्यापन गरेर पाकेका हिन्दू चिन्तनले ग्रसित बाहुनचरित्रका मनुवाहरू र नेपालको दक्षिणी छिमेकी ईजार कसेर लागिपरेका छन् । यिनै डिजाइनरहरूको बल्छीमा एमाले र काँग्रेस फसेका छन् । यद्यपि, यो बल्छी फसाई अनिच्छाको नभएर इच्छाको बल्छी नै थियो । त्यसैले एमाले काँग्रेस मिलनको समलिङ्गीय सरकार फेरिने कुनै सङ्केत अहिलेसम्म छैन । यो उग्रदक्षिणपन्थी पश्चगामी सङ्घर्ष एमाले, काँग्रेसको गोश्वारा लडाइँ पनि हो । मुलुक र नेपाली जनतालाई जेसुकै भए पनि प्रचण्डको भाषामा भन्ने हो भने प्रभुहरूको इसारामा दिइएको सत्ता र शक्तिमा टाँसी बस्ने नै उनीहरूको विशेषता बन्दैगएको छ । केही समय यता यो षड्यन्त्रको विपक्षमा गिरिजाप्रसाद कोइराला आफै उभिएका थिए । एकप्रकारले उग्र दक्षिणपन्थी भड्कावबाट मुलुकलाई बचाउँदै जातीय संघीयतासम्म र कम्युनिष्टका केही प्रगतिशील मुद्दाहरूलाई स्थापित गर्नेसम्मका नभए पनि साधारण किसिमको संघीयता नेपालमा संस्थागत गर्ने पक्षमा स्वर्गीय कोइराला थिए । यसरी जीवनको उत्तरार्धमा गिरिजाप्रसाद कोइरालाले आफूलाई निम्न प्रगतिशील नेताको रुपमा उभ्याएर सदाका लागि अलविदा भए ।

## दोस्रोः उग्रवामपन्थी आन्दोलन

एकीकृत नेकपा माओवादी यो लेख लेखिरहँदासम्मको प्रमुख प्रतिपक्षी दल हो । ऊ देशको सबैभन्दा ठूलो पार्टी र वर्गीय दृष्टिकोणबाट ग्ल्यामरस दल पनि हो । र, यो पार्टी एमाले काँग्रेसको जस्तो बोक्सी चरित्रको छैन, जेजस्तो भएपनि ऊ धामी चरित्रको छ । भलै उसले कालो बोकै खाए पनि मधौरा जनतालाई निको पार्ने आश्वासन दिन भुल्दैन । संविधानसभामा प्रस्तावित १४ राज्यको मोडल संविधानसभामा माओवादी नहुँदो हो त एमाले र काँग्रेसले कुनै हालतमा पनि स्वीकार्दैन थिए । यसको नाफा जातीयमुक्ति आन्दोलन र माओवादीलाई नै जान्छ । अहिले पनि माओवादी केही अजेण्डासहित आन्दोलनमा छ । उसको आन्दोलनको लक्ष्य कतातिर तेर्सिएको छ सैद्धान्तिक रुपमा विश्लेषण गर्नु जरुरी छ ।

माओवादीले संविधानसभामार्फत् संविधान निर्माणको सन्दर्भमा बहुदललाई स्वीकाऱ्यो तर बहुलवादलाई अस्वीकार गऱ्यो । बहुलवाद नेपाली समाजको प्रतिविम्ब हो र बहुदल बहुलवादी नेपाली समाजलाई राजनीतिक व्यवस्थापन गर्ने प्रणाली हो । यसअर्थमा बहुलवाद र बहुदल एकअर्काका परिपूरक हुन् । जुन बहुलवादी नेपाली समाजको राजनीतिक रुपान्तरणको लागि अनिवार्य छ । बहुलवादको दर्शन एकलवादको विपरीत हो । एकलवादी दृष्टिकोणअनुसार हेर्ने हो भने समाजको परिवर्तन एउटा निश्चित बाटोमा अगाडि बढ्छ र यसलाई गति दिने शक्ति वर्गसङ्घर्ष वा तानाशाही शासन र यसमा निहित उत्पादनका सम्बन्धसँग जोडिन आउँछ । यो तर्क मार्क्सवादको अभिन्न रुपमा व्यक्त गरिन्छ । तथापि, यहाँ बुझ्नुपर्ने कुरा के छ भने मार्क्स, एगेल्स दुवैले आर्थिक तत्वलेमात्र परिवर्तनको सम्पूर्णता प्रदान गर्छ भन्नु गलत हो भन्ने कुरा आफ्ना पछिल्ला समयमा व्यक्त गरेका छन् । वर्ग सङ्घर्ष र आर्थिक सम्बन्धको परिवेशमा चित्रण गरिएको द्वन्द्ववादी दृष्टिकोण वैचारिक रुपले सशक्त छ, यद्यपि, यसको गति र यसमा निहित अन्तरद्वन्द्वको पहिचानको कठिनाइले व्यवहारमा यसलाई दुरुपयोग हुँदै आएको विश्वराजनीतिक इतिहास छँदैछ । यस अर्थमा मार्क्सवादले दावी गरेका वैज्ञानिकता नै अधिनायकवादको साथी र सहयोगीको स्थापित भएका छन् । यसैकारण, मार्क्सवादका नाममा बीसौं शताब्दीमा खडा भएका शासनसत्ताले धेरै समस्याहरूका हल गर्न असफल पनि भए । केही हदसम्म माओवादीले यो वास्तविकतालाई बुझेर बहुदललाई चाँहि स्वीकारेको हुनुपर्छ । किनभने मार्क्सवादको नाममा कम्युनिष्ट पार्टीलाई प्रयोग गरेर स्टालिनले मच्चाएको एकदलीय आतङ्कले आफ्नै पार्टीका दुईतिहाई केन्द्रीय सदस्यहरूसमेतलाई सर्वहारा प्रजातन्त्रको नाममा हत्या गरेको इतिहासबाट माओवादीहरू थोरै संशोधित् हुन खोजेको देखिन्छ ।

चुनावी प्रतिस्पर्धा मान्ने तर बहुलवाद किन अस्वीकार भन्ने प्रश्नको उत्तरका लागि माओवादका सिद्धान्तकार माओलाई पनि हेर्नुपर्छ । माओले उनका शासनकालमा वाक्स्वतन्त्रता, सङ्गठनको स्वतन्त्रता, फरक राजनीतिक विचार राख्ने स्वतन्त्रता र धार्मिक स्वतन्त्रतालगायतका अधिकारलाई नयाँ प्रजातन्त्रको अभिन्न अङ्गका रुपमा पेश गरे । यो प्रतिवद्धता अहिलेका नेपालका माओवादीहरूका भन्दा कम छैन् । तर, शासनमा पुगेपछि यो चिन्तन लागू नगरेको इतिहास सबैको सामु छर्लङ्ग छ । सन् १९४५ मा पेश भएको यो दृष्टिकोण १९५० को दशकमा पूरै हरायो र प्रतिक्रान्तिलाई रोक्ने र आर्थिक छलाङ लगाउने नाममा चीनमा १९६० को दशकमा विनासकारी भोकमारी र देङ सियाओ पिङजस्ताले पनि झण्डै ज्यान गुमाउनु पऱ्यो । यसबाट के बुझिन्छ भने बहुदललाई

शक्तिमा पुग्ने यन्त्रको रुपमा स्वीकार गर्ने तर सत्तामा आफ्नो पार्टी पुगेपछि राज्यका सबै अङ्गलाई पार्टीको हात खुट्टाको रुपमा परिभाषित गरी एकदलीय अधिनायकवाद संस्थागत गर्ने प्रयास हो भन्ने देखिन्छ । र, यो बीसौ शताब्दीको वामपन्थी अनुभव पनि हो । यो कुराको पुष्टी कहाँ हुन्छ भने संविधानभसमा ठूलो दलको रुपमा स्थापित हुने बित्तिकै निर्देशित लोकतन्त्रको अभ्यास (सेरेमोनिय राष्ट्रपति स्वीकार्ने तर निर्वाचितचाहिँ माओवादीले छानेको बाहेक नहुने जस्तो गिरिजाप्रसाद कोइरालालाई स्वीकारेनन्), संविधानसभाको सैद्धान्तिक बहसमा प्रधान न्यायाधीस नियुक्तिदेखि संविधानको व्याख्यासमेत संसदले गर्ने भन्ने प्रस्ताव छ । यसको अर्थ स्वतन्त्र न्यायपालिका पार्टी निर्देशित हुनु भन्ने नै हो । साथै, एउटै विचारको धेरै दल खोल्न पाइने तर फरक विचारको दल खोल्न नपाइँने खाले बहुदलको मोडल नै माओवादीको बहुदलीय मोडल हो । यस्ता मोडलको बहुदल चीन र उत्तरकोरियामा अहिले पनि छ ।

यतिबेला, माओवादीको योजना सरकारमा गएर एमाले काँग्रेसकै कुख्यात मोडलबाट आफ्नो मुद्दाहरू स्थापित गर्ने नै देखिन्छ । यी कोसिसहरूमा अन्तरिम् व्यवस्थापिका संसदले घोषणा गरेको धर्मनिरपेक्ष राज्य र संविधानसभा राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले प्रस्ताव गरेको जातीय संघीयताको सैद्धान्तिक आधारमा प्रस्ताव गरिएका १४ राज्य बलीको बोको पारिने खतरा बढेको छ । किनभने, माओवादीले जातीय संघीयता फिर्ता नलिएसम्म एमाले र काँग्रेसले उसलाई सरकारको नेतृत्व दिने छैन । र, यसको समर्थनमा हिन्दू राज्य बनाउन चाहने भारतलगायतका विदेशी शक्तिहरू पनि लागेका छन् । अब माओवादी जातीय संघीयताको पक्षमा कति इमान्दार र अटल रहनसक्छ केही समय पर्खनुपर्नेछ । तथापि, १२ बुँदे सम्झौता र विस्तृत शान्ति सम्झौतालाई फर्केर हेर्दा विश्वसनीय हुनसक्ने ठाउँ झीनो छ । तर, माओवादीले प्रतिपक्षमै बसेर भएपनि जातीय संघीयताको पक्षमा र सेना समायोजनलगायत शान्ति प्रक्रियाको तार्किक निष्कर्षका लागि अडिक रहेर संविधानसभामार्फत् वा सडकबाट नै सङ्घर्षलाई निरन्तरता दियो भने त्यो आन्दोलनसंग जातीयमुक्ति आन्दोलनको कार्यगत एकता हुनुपर्दछ । संविधान निर्माणको यो छोटो अवधिमा यसखाले आन्दोलनको मोडालिटी स्थापित गरेर अघि बढ्न सक्यो भने जातीय/वर्गीय दुबै राजनीतिक मुद्दाले आधारभूत निकासा पाउन सक्दछ ।

## तेस्रोः मधेशवादी र जातीय मुक्ति आन्दोलन

माओवादीले एमाले र काँग्रेससंग सम्झौतापरस्त नीतिबाट पश्चगामी कदमबाट अघि बढ्यो र मुक्तिका प्रश्नहरू उल्झनमा परे भने जातीयमुक्ति आन्दोलन र मधेसी आन्दोलन राष्ट्रिय राजनीतिको अग्र र केन्द्रभागमा आउनेछ । एमाले, काँग्रेस र माओवादीको प्रतिगामी सम्झौताको गठजोड बलियो हुँदै गयो र पहिचान, पहुँच र प्रतिनिधित्वको राजनीतिक मुद्दाविरुद्ध दमननीति अपनाए भने जातीय मुक्ति र मधेसी आन्दोलनबीच बाध्यात्मक सहकार्यको सम्भावनालाई पनि नकार्न सकिँदैन । वा, मधेशको आन्दोलन र जातीय मुक्ति आन्दोलन एकै समयमा तर फरफरक ढङ्गबाट पनि हुनसक्दछ । तथापि, यी दुई आन्दोलहरू पहिचान, पहुँच र प्रतिनिधित्वको हिसाबले समान भएपनि ती मुद्दाहरूलाई संघीयतामार्फत् राजनीतिक व्यवस्थापन गर्ने मोडालिटिमा छेउटुप्पै मिल्दैन । जातीय मुक्ति आन्दोलनले राज्य पुनर्संरचनालाई जातीय ऐतिहासिक पृष्ठभूमिको आधारमा स्वायत्त राज्यहरूको निर्माण गर्ने प्रस्तावको ठीक विपरीत मधेसी आन्दोलनको केन्द्रीय मुद्दा समग्र मधेस एक प्रदेश हो । यो प्रस्ताव रुपमा संघीयताजस्तो देखिएता पनि सारमा एकात्मक, केन्द्रीकृत र सामन्ती प्रस्ताव नै हो । यो विषयमा मधेस आन्दोलन र जातीयमुक्ति आन्दोलनको सहकार्य हुनसक्दैन तर सङ्घर्षको विषयमा छलपल गर्न सकिन्छ।

जातीयमुक्ति आन्दोनलनका आयामहरू बहुमुखी चरित्रको छ । निर्णायक र जित्ने सङ्घर्षका लागि मुक्ति आन्दोलन एउटा कित्तामा पूरै एकीकृत हुन नसकेपनि यो आन्दोलनलाई पूर्व लिम्बुवानदेखि पश्चिम थरुहटसम्म जोड्ने कार्य कुमार लिङदेनले नेतृत्व गरेको राजनीतिक सङ्गठन संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले गरेको छ । यसरी हेर्दा मञ्चले नै अबको निर्णायक जातीयमुक्ति आन्दोलनको नेतृत्व गर्नुपर्दछ । तर, अहिलेको नेपालको सकरात्मक/नकरात्मक राजनीतिक गतिशीलतालाई पक्रेर आन्दोलनलाई बस्तुगत रुपमा अगाडि लैजान सकेको छैन । तथापि, आन्दोलनलाई उठाउने र नेतृत्व गर्ने साख मञ्चसँगमात्र देखिन्छ । केही अगाडि बृहत आदिवासी जनजाति मोर्चा बनेकोछ । यसको नेतृत्वमा आन्दोलनको सम्भावना त छ तथापि सबै दलका खिचातानी र नेतृत्वमा बलिदानी इच्छाशक्तिको कमीले त्यति आसा गर्न सकिने स्थिति छैन । तेस्रो परशुराम तामाङ नेतृत्वको मोर्चा र लक्ष्मण थारु नेतृत्वमा बनेका झुण्ड पनि छ । उनीहरूसंग समग्र आन्दोलनको घोषणा र नेतृत्व गर्ने उचाई त छैन तथापि निर्णायक आन्दोलनमा उनीहरूलाई सहभागी गराँउदा गल्ती नै चाहिँ हुँदैन ।

## चौथोः पुनरुत्थानवादी जालसाँझी आन्दोलन

झट्ट हेर्दा अहिले अचानक प्रतिगमनको सामुहिक रोदन सुरु भएको देखिन्छ । तर, यो रोदनकारी आन्दोलन संविधानसभाले राजतन्त्रलाई हटाएपछि गुमनाम अन्धकार कोठामा बसेर बनाइएको योजनाभित्रैको रुञ्चे सलबलाहट हो । जनविरोधी ती पाखण्डी षड्यन्त्रको पहिलो बाक्के शाहीकालीन मन्त्री कमल थापा र राधाकृष्ण मैनालीहरूले फुटाए । त्यसपछि सामन्तका मखुण्डोधारी खुमबहादुर खड्का, सुजता कोइराला र विजय गच्छदारहरू सल्बलाए । त्यति ठाउँ के पाएका थिए ज्ञानेन्द्र उत्तेजित हुँदै राजतन्त्र समाप्त भइनसकेको

बताउनसम्म भ्याए । त्यसमै लोलिमा बोली मिलाए राजनीतिदेखि जोगी बनाइएका कृष्णप्रसाद भट्टराईले २०४७ सालको संविधानलाई ब्यूँताऊ भनेर । अन्धकार मनपराउने यी अन्धकर्मीहरूका सञ्जाल देशबाहिर र देशभित्र सल्बलाउन थालेको छ । विश्लेषक सीकेलाल भन्छन्- 'यतिखेर मुलुकमा दिनहु हुँने प्रमुख १० कार्यक्रममध्ये ८ धर्मसँग जोडिएका छन् र भारतमा रहेका करिव १ अर्ब हिन्दूहरू तीन करोड जनसङ्ख्या भएको नेपालमथि हाबी भइरहेका छन् । भारतका दर्जनौ धर्माधिकारीहरू नेपाललाई हिन्दूराष्ट्र बनाउन लागिपरेका छन् । दिनहुँजस्तो यज्ञ, महायज्ञ आयोजना भइरहेका छन् । त्यही मेसोलाई समाएर ज्ञानेन्द्रले आफूलाई पुनर्उत्थान गर्न चाहन्छ । यिनीहरूको अभिष्ट प्रतिगामी, यथास्तितिवादी र पुनर्उत्थानवादीहरूको राजनीतिक संस्थालाई ब्यूँताउन हो ।' यहाँ बुझ्नुपर्ने महत्वपूर्ण कुरा के छ भने यो कित्ताका प्रतिगामीहरूले आफैले आन्दोलन उठाउने दुस्साहस गर्दैनन् । आफ्नै भेद खुल्ने षड्यन्त्रकारी आन्दोलनमा जनताको समर्थन हुनेछैन भन्ने सत्य बुझेका छन् । यिनीहरूका पर्खाई भनेको जनताको पक्षमा उठेका त्यसमा पनि खास गरेर जातीय मुक्तिको आन्दोलनमा सशक्त घुसपैठ मच्चाएर र दोधारे नेतृत्वहरूलाई किनेर आन्दोलनलाई प्रतिगमनतिर लैजाने हो । लिम्बुवान, खम्बुवान, तामाङसालीङ र थरुहटजस्तो सशक्त रुपमा उठेको जातीय मुक्ति आन्दोलन उनीहरूको घुसपैठको केन्द्र बनाउने योजनामा छन् । यसै योजनाअर्न्तगत् यिनीहरू केही दर्जन क्षेत्रीबाहुनहरू मर्न र दर्जनौं आदिवासी जनजातिहरूलाई मार्नसम्मको खुनी र साम्प्रदायिक हत्कण्डा मच्चाउने दाउमा छन् । र, त्यसछि साम्प्रदायिकता र राष्ट्रिय अखण्डता राजतन्त्रविना नबाँच्नेरैछ भन्ने षड्यन्त्रको नाटक रचेर राजतन्त्र फर्काउने, हिन्दू राष्ट्र बनाउने र मुलुकलाई एकात्मककरण गर्ने सपना बुनेका छन् । यस्ता प्रतिगामी, षड्यन्त्रकारी आन्दोलनको भण्डारफोर मात्र होइन उनीहरूले खुट्टा टेक्न अगाडिनै संघीय गणतान्त्रिक अन्दोलनले भीषण हस्तक्षेप गर्न जरुरी भइसकेको छ ।

## रहलपहल

जातीय मुक्ति आन्दोलन शान्तिपूर्ण, सशक्त र संस्थागत रुपमा अगाडि आएपछि एकात्मकवादी र सामन्ती चिन्तनले ग्रसित दलका नेताहरूको सातो उडेको छ । संविधानसभाको बैंसछँदै जातीय मुक्ति आन्दोलनकै मैदानबाट दर्जनौपटक राज्य पुनर्संरचना आयोग गठन गरियोस् भनी संविधानसभा र सरकारलाई ज्ञापनपत्र दिइएको छ । उतिबेलै यो आयोग गठन गरिएको भए त्यस आयोगले संविधानसभालाई राम्रै सुझाव दिन सक्दथ्यो । तर, संविधानसभाको आयु सकिनेबेलामा एमाले र काँग्रेसलाई किन राज्य पुनर्संरचना आयोग चाहियो, नियत हरामी पाराको छ । यो प्रस्ताव अन्ततः संविधानसभामा प्रस्तुत १४ प्रदेशको खाकालाई पनि तुहाउने षड्यन्त्र मात्र हो । त्यस्तै संक्षिप्त संविधान नामक षड्यन्त्रको पोका खोल्दैछन् । ६०१ जनाको संविधानसभासद्ले दुईवर्षसम्म जनताको पैसाले भत्ता खाने अनि जनताको प्रगतिशील नयाँ संविधान जारीलाई उधारोमा राखेर अन्तरिम संविधानभन्दा पछि हटेर किन संक्षिप्त संविधान जारी गर्ने ? मुलुकको शिशु लोकतान्त्रिक गणतन्त्रको रातो झण्डा झन्झन् झुक्दै र प्रतिगमनको कालो झण्डा विस्तारै उठ्दै जाँदैछ । यस कुकर्मका अभिभावकहरू राष्ट्रपति, प्रधानमन्त्री, सभाध्यक्ष, एमाले, काँग्रेस र माओवादीका प्रमुखहरू नै देखिछन् । किनभने, संविधानसभाको समयावधि साठी दिन ओरालो लागिसक्दा चिन्ता २०६७ जेठ १५ मा कसरी संविधान जारिगर्ने भन्ने नभएर जेठ १५ मा संविधान जारी नगरेपछि के गर्ने भनेर दिनको दुईपटक बैठक गरिरहेका छन् ।

## सुझाव

वर्तमान नेपालको बहुसङ्क्रमणकालीन राजनीतिको जग पच्चीसदशक लामो छ । सदियौंदेखि निकासा नपाएका सबैखाले ती समस्याहरूको राजनीतिक गाँठोको जाम परेको छ । रातारात ती जाममा परेका राजनीतिक गाँठोहरू फुक्न सक्दैन भन्ने यथार्थबाट सम्बन्धित् सबैपक्षहरूले बुझ्न पर्छ र हलो अड्काउने काम कसैबाट पनि गर्न हुँदैन । एकात्मक र सामन्ती राज्यसत्ताको समूल अन्त्य गर्दै नयाँ नेपालको परिकल्पना गरिरहेको यो बेला कस्तो खाले नयाँ नेपालको निर्माण गर्ने, राज्यलाई कसरी हेर्ने, परिचालन गर्ने, व्यवस्थित गर्ने, जातीय मुक्तिका प्रश्नहरू, वर्गीय मुक्तिका प्रश्नहरूलाई हेर्ने सैद्धान्तिक, व्यवस्थापकीय र ऐतिहासिक दृष्टिकोणबाट प्रायः सबै दलबीचको प्रशस्तै मतभेद रहेको छ । र, संविधानसभामा कसैको पनि एकलौटी बहुमत नभएको यस्तो घडीमा आ-आफ्ना अडानमा सबै कठोर हुने हो भने आउने दिनहरू नेपाल र नेपाली जनताका अन्धकारमय दिनहरू सुरु हुनेछन् । यसर्थ, राजनीतिक निकासका लागि सहमतिको विकल्प छैन । संघीयता आफैमा सहमतीय प्रणाली पनि हो र संविधान निर्माण प्रक्रिया धेरै पक्षबीचको प्रगतिशील सम्झौता पनि हो ।

सहमतिमा लैजानुपर्ने अहिलेका प्रमुख मुद्दाहरू जाति, वर्ग, भाषा, क्षेत्र र लिङ्गीय विभेद पहिचान गरी सबैखाले असमानता र अन्यायका प्रश्नहरूलाई सैद्धान्तिक रुपमा सम्बोधन गर्दै पूर्ण संघात्मक शासनप्रणालीमा व्यवस्थापन गर्ने हो । त्यसको वैधानिक थलो भनेको संविधानसभा नै हो । सहमतिका लागि १२ बुँदे सम्झौता, ०६२/६३ जनआन्दोलनको म्यण्डेट्, विस्तृत शान्ति सम्झौता, जातीयमुक्ति र मधेशमुक्ति आन्दोलन र राज्यबीच भएका सम्झौताहरू र अन्तरिम संविधान २०६३ नै सहमतिको मार्गनिर्देशक जीवन रेखा हो । २०६७ जेठ १४ भित्रै नयाँ संविधान बनाएर मुलुकलाई वैधानिक शून्यताबाट बचाउन सबैपक्ष प्रगतिशील, लचिलो र व्यवहारिक बन्न अनिवार्य छ ।

(लेखक, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च संघीय लिम्बुवान राज्य परिषदका महासचिव हुन्)

# Has Nepali State become Inclusive?

## An Assessment of Representation after 2006 Regime Change[1]

**Mahendra Lawoti, Ph.D.**



*This article aims to analyze exclusion/inclusion of Dalit, indigenous nationalities and Madhesi in various branches of the state with data over fifty years. The article finds that despite the popular perception of increase in inclusion in the state, exclusion seems to continue in the judiciary and bureaucracy while the executive shows a mixed trend where Madhesi and Dalit representation has increased while that of indigenous nationalities has declined.*

Inclusion of various traditionally marginalized groups seems to have increased in some state agencies after the 2006 regime change while other branches indicate that exclusion continues. This article aims to analyze exclusion/inclusion of Dalit, indigenous nationalities and Madhesi in various branches of the state with data over fifty years. The article finds that despite the popular perception of increase in inclusion in the state, exclusion seems to continue in the judiciary and bureaucracy while the executive shows a mixed trend where Madhesi and Dalit representation has increased while that of indigenous nationalities has declined. The popular perception of increase in inclusion is largely due to increased representativeness of the Constituent Assembly.

**Constituent Assembly: Representative yet not Inclusive?**

The Constituent Assembly cum parliament is significantly representative compared to previous legislatures. From zero representation in the Lower House formed in 1994 and 1999, Dalit (hill and Tarai) attained 8 percent representation in the Constituent Assembly formed in 2008. The Dalit, Madhesi (Tarai caste groups and Muslim) and indigenous nationalities (hill and Tarai) have achieved their highest representation in the Constituent Assembly in Nepal's entire parliamentary history (see Figure 1). The indigenous representation, however, appears higher because of Newar, an indigenous group from the capital that has historically fared very well. Due to access at the center and trading profession, Newar, especially upper caste Hindus, have performed well economically and politically but the group faced cultural (religion, language, lifestyles etc.) discrimination. Madhesi performed better than others while despite the progress, the Dalit and indigenous nationalities are still under-represented. From around 20 percent during the 1990s, Madhesis (non-Dalit castes and Muslims, 17% population) have attained 24 percent representation in 2008. The Dalit are still nearly fifty percent under-represented and within the Dalit, the Madhesi Dalit is less represented. On the other hand, the CHHE are still slightly over-represented.





Figure 1: Representation of various groups in Parliament, Interim Parliament-Legislature and Constituent Assembly, 1959-2008; Source:

One implication of the rise of ethnic parties, such as the Madhesi parties is that the country will probably see hung parliament in the future. In such circumstances, if the political structure adopted is not congruent with the socio-political reality and is not designed to facilitate coalition politics, the incongruence

[1] *This piece is a part of a larger article entitled "Ethnic Politics and the Building of an Inclusive State" that will appear in a book on the Nepali peace process being edited by David Malone, Sebastian von Einsiedel, and Suman Pradhan. I would like to thank Medini Lawati for research assistance and Krishna Hari Pushkar for providing data and verifying them.*

between body politics and political structure could lead to major disjunctions that could contribute in the failure of the emerging regime as well.

Higher inclusion of the marginalized groups compared to earlier years suggests that the groups will have more voice in the constitution making and in governance if such representation continues in the future. However, the marginalized groups may still be limited due to the political culture, domination of the leadership of major parties by CHHE (caste hill Hindu elite), and absence of intra party democracy within most political parties in Nepal . For instance, the weak raising of indigenous issues because of non-representation of indigenous peoples through group representation in the Constituent Assembly has been raised by the UN's Special Rapporteur Professor James Anaya. He has called for developing a mechanism that would ensure group representation of the indigenous people during the Constitution making process . This argument is applicable with regards to the Dalit as well even thought the Dalit do not face as many contestations over cultural issues as the indigenous nationalities and Madhesi.

Further, major issues are often decided by top leaders of the major parties, and the top leaders of the three largest political parties are old male Bahuns. In socio-cultural issues they are influenced by CHHE values and norms, especially the leadership of Nepali Congress and the Communist Party of Nepal-United Marxist Leninist (CPN-UML), as indicated by their public utterances reported in media. The CPN-M is more sensitive to ethnic/caste issues. However, when the Maoists headed a coalition government after the Constituent Assembly election, media reported ambivalence expressed towards "ethnic states" by top leaders like Dr. Baburam Bhattarai. In the Nepali political culture where major decisions are decided at the eleventh hour by top leaders, controversial issues such as model of federalism could be decided at the last moment. When it comes to a crunch, the CHHE leadership might give up cultural equality issues, as the secular Nepali Congress and CPN-UML gave up secularity of the state in the negotiation of the 1990 Constitution with the Hindu King when the same determined parties were successful in putting the army under a defense council against the wishes of the army and the King . This is indicated by the attempt to form the State Restructuring Committee in March 2010, at the near end of the CA's (less than three months left) tenure, after the concerned committee of the CA recommended a 14 region model that is not to the liking of the CHHE leadership. Having even a proportionate representation in the Constituent Assembly would not mean much in such circumstances – if anything at all, it will only legitimize the decisions as the party leaders would probably have the Constituent Assembly approve the decisions they finalize outside of it.

**Mixed record of Inclusion in the Cabinet**

The representation performance for the executive is mixed (see Figure 2). Each reshuffle of the cabinet was considered a new cabinet. The additions or departures of individual ministers were not considered as a reshuffle, which was defined as changes in ministries in addition to addition or subtraction of ministers.

Compared to the 1990-2002 democratic years when not a single Dalit was made an assistant minister, the Dalit representation increased significantly (7.5%) in the post 2006 years. This progress in number, however, hides a few things. One, most of the Dalits are assistant ministers who cannot attend the cabinet meetings that make policy decisions. Second, even those who have been appointed as cabinet ministers, occupy 'marginal' ministries. Dalit have not led ministries that are considered influential such as home, finance, and defense. Third, Dalit representation in the executive is still not half of their population proportion and less than their representation in the Constituent Assembly. Fourth, the Tarai Dalits have been nominated significantly less as ministers (1%) than hill Dalit (6.5%).

Non-Dalit Madhesi caste (12.3 percent population) representation increased significantly (18%) compared to 1990-2002 years (12%). They are overrepresented in cabinet as well but not as high as in the Constituent Assembly. The Muslims, however, are underrepresented. Madhesi seem to fare better during democratic regime compared to non-democratic regimes (Panchayat and 2002-06). The post 2006 peak in Madhesi representation in the cabinet is largely due to the success of the 2007 Madhesi movement that led to the establishment and success of Madhesi Peoples Right Forum (MPRF) and

Tarai-Madhesh Democratic Party (TMDP), and MPRF's influential role in forming both post 2008 coalition cabinets. The MPRF split during the formation of second coalition government in May 2009. The Bijay Gachhadar led faction supported the new coalition government led by Madhav Kumar Nepal and received significant number of cabinet positions.

For the indigenous nationalities, the cabinet does not show a positive trend of progressive inclusion. In fact, the indigenous nationalities representation has slightly declined (16%) compared to 1990-2002 democratic years (16.7%) and the royal rule (16.1%) and quite significantly compared to Panchayat years (27.1%).





Figure 2: Representation of ethnic/caste groups in the cabinet during different regimes

Newar's representation declined (6.5%) but it is still slightly higher than its population proportion. The representation of CHHE also declined but is still significantly much higher (43%) than their population share (31%). Within CHHE, Chhetri (including Thakuri and Sanyansi)'s domination has declined considerably (20.5%) from previous years whereas Bahun's hold in after 2006 is still significant (22.5% - nearly double their population proportion). Further, to date only CHHE has occupied the effective executive head in Nepal's entire political history. Marich Man Singh, a Newar, became Prime minster at the end of Panchayat regime but the King controlled effective power during the period. After 2006 Madhesi have occupied the positions of president and vice president and a member of indigenous nationalities has occupied the position of speakership but they are largely ceremonial or powerless positions.

A number of trends can be inferred from the above analysis. One, inclusive representation in the cabinet has been mixed at best. While Madhesi and Dalit saw an increase in representation, indigenous nationalities saw a decline. Second, representation of Dalit, indigenous nationalities, and Madhesi in the cabinet is less than in the Constituent Assembly. Third, better representation of Madhesi compared to the Dalit and indigenous groups is due to the relatively better and successful mobilization of the Madhesi. Fourth, CHHE representation is still significantly higher than their population proportion despite some decline.

**Continuation of Exclusion in the Judiciary**

The domination of CHHE has slightly declined in the Supreme Court from their hegemonic position during the democratic years of early twenty-first century (76.21%) and royal regime from 2002-06 (72.74%) but still remains very high (64.5%) - more than double their population share (see figure 3). The count is based on annual list of justices. If a justice is appointed for four year, his or her name will appear four times. The list was only available from 2057 v. s. (2000/2001) Within the CHHE the Bahuns have disproportionate domination in the Supreme Court- nearly four times more (45.1%) than their population share. The Chhetris are only slightly overrepresented (19.72%). Newar's domination has also declined but still remains more than double (12.68%) their population share.





Figure 3: Representation in the judiciary during democratic (2057-58 v. s.), autocratic (2059-62 v. s.) and transition regimes (2063-66 v. s.)

Madhesi representation increased (11.27%) in the Supreme Court but still remains less than their population share. Muslim and indigenous nationalities have 5% which is due to one member each of the groups in the Supreme Court. Both groups were not represented during the royal regime and at the end of democratic epoch that this dataset covers. For the Dalit, there was no representation even in 2066 v. s. (2009/2010).

The domination of the CHHE in the Supreme Court could lead to reversal of inclusive policies if the Supreme Court is awarded the right of judicial review. As in the 1990s, CHHEM (caste hill Hindu elite males) justices may interpret the constitutional articles based on their norms, values and worldviews. During the 1990s even though the Court had sometimes given progressive verdicts in general political and civil rights issues, it had given negative or non-positive verdicts on issues affecting the marginalized groups. For instance, during the controversies on Public Service Commission language in the early 1990s and in the second language in local governments in 1999 it favored the Khas-Nepali language. Likewise, the court had ruled negatively in the citizenship issue that affected millions of Madhesi as well as Dalit and indigenous nationalities. In the case of women, feminists allege that the court verdict was not as progressive as it could have been (Lawoti 2005).

The frequency of judicial review would increase in a federal dispensation because the centre and regions as well as the dominant and marginalized groups might contest over interpretation of Constitutional articles that award various rights and obligations. It could provide opportunity for the CHHEM dominated Supreme Court to reverse some articles positive on socio-cultural issues. Such possibilities could be reduced or prevented if the judicial review right is not awarded to the Supreme Court that is dominated by one caste/ethnic group. Instead a constitutional court composed of constitutional experts nominated by the regions could be formed to ensure that different ideological, regional, and socio-cultural groups have more or less equal chances of their rights being protected through judicial review (Lawoti 2009). Constitutional courts have been found to play important role in consolidation of third wave of democracies by, among other things, restraining the executive when it attempted to encroach upon the jurisdiction of other government branches and agencies .

**Rise in Exclusion in the Bureaucracy**

The data for the top level of bureaucracy (special class and equivalent) for four years during democratic (1959 and 1999), autocratic (2005) and transition (2009) shows that the CHHE have consolidated their position in the later two periods, reaching nearly three times their population share during the transition. The representation of Newar has steadily declined since 1959 from 27.27 percent and reached 7.14 percent in 2009 but their presence is still higher than their population proportion.

The position of Madhesi in 2009 (8.93 percent) is slightly higher than in 1999 (7.69 percent) but lower than that of 1959 (9.1 percent). Madhesi in this graph, following Neupane (2000), is composed of caste Madhesi, Dalit, Muslims, and indigenous nationalities of Tarai (32.29 percent). Generally, addition of Dalit, Mulsim and indigenous groups of Tarai make not much difference because these groups have rarely reached special class in the bureaucracy. The Dalit, indigenous nationalities, and Muslim had zero representation at the top level despite the groups collectively forming more than half the population of the country.

Despite the initiation of reservation for marginalized groups in recruitment since 2003, the situation at the top of the bureaucracy may not change for many years to come. The data on recruitment of civil service shows a very heavy domination by the CHHE (especially Bahun) in the 1990s. CHHE recruitment increased to 87 percent in 2001-02 from high sixty percents in 1980s and 1990-91 and low eighty percents during rest of the 1990s. During the entire period from 1983-85 to 2001-02, Dalit and Muslim recruitment never crossed one percent, the indigenous recruitment never went beyond three percent and the Madhesi recruitment reached 10 percent only once . This high under-representation over a period of two decades will have deleterious effect on the top level of bureaucracy as there will be few people from these groups to promote even if one were to assume that caste based nepotism networking for promotion, which is widespread , does not occur.





Figure 4: Ethnic/caste representation in bureaucracy (special class and equivalent)

Source: Neupane , UNDP (2009) and Neupane (2005, cited in UNDP 2009), and self tabulation of 2009 data

The overwhelming domination of CHHE in bureaucracy may impact inclusion negatively in several ways. First, the bureaucracy may resist political decisions it does not like. Public policy literature points out that policy are contested at several levels, from political decision to implementation. The groups that lose at the political level often contest, resist or try to subvert policies at lower levels, such as while making bylaws or implementation. As such, the CHHE dominated administration may undermine or weaken the spirit of the overall objective of the policy. Second, as the main implementing agency it may not earnestly implement policies it does not approve. As a result some policies may exist only in paper. Third, it can obstruct the implementation of inclusive policies. In late 1990s, the executive director of Nationalities Development Committee complained that the government not only allocated less funds to it but even the allocated money was not released in time because the CHHEM secretary of the ministry did not approve of awareness generating program of the Committee. Fourth, non-implementation of policies means the continuation of previous policies. In such circumstances, if the bureaucrats are able to thwart any inclusive policies, the old discriminatory and exclusionary policies will continue.

Data on the security sector is not available where Madhesi and Muslim have been excluded for generations. The Nepal Army website presents a table that shows significant representation of indigenous nationalities (30.39 % and Newar = 6.62%) and CHHE (56.54%) in the army. Within the indigenous nationalities, the hill indigenous nationalities (population – 21.86 percent when Newar are excluded) are slightly overrepresented while the Tarai indigenous nationalities (population – 8.96 percent) are slightly underrepresented (6.5 percent). The Dalit have 5.87 percent representation but almost all by hill Dalit. The Madhesi and Muslims have 0.49 and 0.02 percent presence respectively .

In 2009, for the first time in its entire history an indigenous person reached the top position; however, it is probably a fluke as CHHE dominate the top leadership. Similarly the police force that was headed by members of the indigenous groups in the past is unlikely to repeat such feats again because, according to a top retired police officer, mostly CHHE were recruited in the last couple of decades. The Nepali Army website does not provide ethnic/caste breakdown of its top leadership, which should have been much easier, probably to avoid showing domination of the top echelon by the Chhetris.

**The Limits of Proportionality**

While discussing exclusion and inclusion, many commentators usually look at the presence of various groups in governance positions, such as the cabinet, parliament, bureaucracy and judiciary, as we did above. This is an important sector to investigate as people in top political, administrative, judiciary, and legislative organs decide, make laws, interpret and implement policies. Even in the governance sector, however, despite the claims of inclusion by the ruling elite, the picture is not as inclusive as projected. Except for the Constituent Assembly where inclusion has increased significantly, the executive still show significant exclusion despite some progress. In the non-political branches of the state like the judiciary and civil and security administration, the overwhelming domination of CHHE continues.

However, even if perfect proportionality were to be achieved, the rights of minorities could still be in danger. For instance, as the largest ethnic group, CHHE

(31 percent) will influence policies at the central level more than other groups in the future as well. The second largest ethnic/caste group Magar is only 7.14 percent, more than four times smaller. Thus, as an ethnic group the CHHE is likely to have more influence on major policies, including cultural ones. Other ethnic groups will have much less influence because they are very small compared to CHHE. In fact, 29 ethnic groups had a population of less than a hundred thousand in 2001. Their influence in public policies will be minimal even if they are to be represented proportionally. Among caste groups, one hill Dalit, nine Madhesi Dalit and 19 Madhesi castes were less than a hundred thousand in 2001. Likewise, five other groups like Mali, Bengali, Kamar, Punjabi, and Jaine had small population. As a result, rest of the ethnic groups will have to live under central level policies that are disproportionately influenced by CHHE if only the center were to make policies.

Further, the CHHE's domination will become hegemonic in religious, linguistic, hill nationalism, and untouchability matters because it forms coalition with various other groups to make indigenous nationalities (religion, language), Madhesi (language, hill nationalism) and Dalit (untouchability) as minorities in different realms while it retains superiority and hegemonic position in all spheres. For instance, with a coalition with Hindu Madhesi and Dalit, CHHE forms an 80 percent Hindu majority, with hill indigenous nationalities and hill Dalits, CHHE forms a two third majority of "nationalists," with hill Dalit it forms a near majority in native language, and with Madhesi and indigenous nationalities, it forms around 80 percent majority in untouchability sphere. This demographic pattern shows that each of the traditionally marginalized groups will continue to remain a perpetual minority in at least one sphere while the CHHE forms a majority in all cultural realms (language, religion, nationalism, casteism). Thus, even if proportional representation in terms of ethnicity/caste is achieved in all governance sectors, most groups may continue to face domination in various cultural spheres that matter to them. In a complex society like Nepal, the country, hence, has to go beyond proportionality in different governance sectors to attain equality and justice.

Autonomy is necessary to promote equality among different ethnic/national groups with different values, norms and traditions. When groups are allowed to govern based on their norms, values and worldviews, and not be governed under other's values, ethos and priorities, they can develop and grow . Without group equality in multi nation/ethnic states, individual equality cannot be achieved. For instance, if members of different groups have to compete with members of the dominant group in the native language of the dominant group, the non-native language speakers will be disadvantaged. This has been amply clear with the non recruitment of non-CHHE members in the bureaucracy. Equality can be attained if various groups are provided autonomies, be it territorial, non-territorial, or special types for smaller groups so that individuals within groups can develop and grow in favorable environment. Ethnic autonomy is necessary because larger groups will have more influence in democratic politics in ethnically divided societies and group autonomy will help to protect small groups from external threats of large and powerful groups. Federalism in countries like Nepal is needed to provide autonomy to various groups so that they can self-govern in regions of their settlement and concentration. Otherwise, various groups, who will perpetually remain a minority at the center, will not be able to protect their interests through central policies.

The debate about federal model should be looked into from this angle in Nepal. Some models that call themselves resource based, cooperative, planning based etc. have proposed five or six regions in the country . However, in such provinces, the CHHE either dominate all or most regions, in addition to its domination at the centre. The hegemony of the CHHE may continue under such models because they will influence the policies the most not only at the centre but in the regions as well . Such models cannot ensure inclusion, equality and justice.

In addition to autonomy through various forms of federalism, minority rights should be guaranteed within regions so that large groups do not threaten smaller and less mobilized groups. One aspect of minority rights and autonomy should be that in cultural matters the concerned groups should have veto power to decide, if any, what changes they prefer. No external group or agency should have the right to change cultural traditions of minorities.

However, to protect rights of individual within groups, the aspirations of group should be decided collectively by all members of the community, not just by male elders (Kymlicka 1995). Likewise, individuals should have the right to exit if they no longer want to remain within the groups. Only a state that enables various groups, whether they are large or small, scattered or territorially concentrated, to self-govern themselves based on their values and priorities can be truly inclusive and democratic.

*(Writer, Dr. Lawoti is an Associate Professor, Western Michigan University President, the Association for Nepal and Himalayan Studies Associate Fellow, Asia Society, New York)*

*REFERENCES*

Anaya, James. 2009. Report by the Special Rapporteur on the Situation of Human Rights and Fundamental Freedoms of Indigenous Peoples, James Anaya, on the Sitution of Indigenous Peoples in Nepal. New York: United Nations.

Bohara, Alok. 2002. Nepal needs Federalism to Achieve much needed Political Decentralization or Devolution. *Nepalnews.com*, May 21.

Darnal, Suvash. 2009. *Sambidhanma Dalit: Sabhasad Sambad*. Kathmandu: Jagaran Media Centre and Dalit Addhyan Kendra.

Hachhethu, Krishna. 1994. Transition to Democracy in Nepal: Negotiations Behind Constitution Making, 1990. *Contributions to Nepalese Studies* 21 (1):91-126.

Horowitz, Donald. 1985. *Ethnic Groups in Conflict*. Berkeley: University of California Press.

Kymlicka, Will. 1995. *Multicultural Citizenship: A Liberal Theory of Minority Rights*: Oxford.

Lawoti, Mahendra. 2005. *Towards a Democratic Nepal: Inclusive Political Institutions for a Multicultural Society*. New Delhi, London, and Thousand Oaks: Sage Publications.

—. 2007d. Democracy, Domination, and Exclusionary Constitutional Engineering in Nepal. In *Contentious Politics and Democratization in Nepal*, edited by M. Lawoti. Los Angeles, London, New Delhi, and Singapore: SAGE Publicaitons.

—. 2008. Exclusionary Democratization in Nepal, 1990-2002. *Democratization* 15 (2):363-385.

—. 2009b. The Myth of Non-ethnic Federalism. *The Kathmandu Post* February 18, 8.

Lijphart, Arend. 1977. *Democracy in Plural Societies: A Comparative Exploration*. New Haven & London: Yale University Press.

Martin Chautari. 2009. Update on the Constituent Assembly. Kathmandu: Martin Chautari.

Nepal Army. 2009. *State of Inclusiveness in Nepal Army*. Nepal Army 2008 [cited October 14 2009]. Available from .

Neupane, Govinda. 2000. *Nepalko Jatiya Prashna: Samajik Banot ra Sajhedariko Sambhawana (Nepal's National Question: Social Composition and Possibilities of Accommodation)*. Kathmandu: Center for Development Studies.

Schwartz, Herman. 1999. Surprising Success: The New Eastern European Constitutional Courts. In *The Self-Restraining State: Power and Accountability in New Democracies*, edited by A. Schedler, L. Diamond and M. F. Plattner: Lynne Rienner Publishers.

Sharma, Pitamber. 2007. Sanghiya Rajyako Adhar: Bhugol ra Yojanaparak Dristi (Basis for Federal State: Geography and Planning Perspective). Paper read at Seminar Series on Federalism, at Pokhara.Subba, Chaitanya, Amrit Yonjan, Nilamber Acharya, Laxmi Limbu, Shyamlal Krishna Shrestha, Sangini Ranamagar, and Dwarika Nath Dhungel. 2002. Adivasis/Janajatis in National Development: Major Issues, Constraints and Opportunities: Plan of Actions proposed for the Tenth Plan, 2003-2007. Kathmandu: IIDS.

UNDP. 2009. *Nepal Human Development Report 2009*. Kathmandu: UNDP Nepal.

YakhaRai, DurgaHang. 1996. *Brahmanbad Birudha: Janajati ra Utpiditbarga (Janajatis and Marginalized groups against Brahmanism)*. Kathmandu: Dhanrani Yakharai.

Young, Iris Marion. 1990. *Justice and the Politics of Difference*. Princeton, NJ: Princeton University.

# यात्रा संस्मरणः लिम्बुवानदेखि अष्ट्रेलियासम्म

**अष्ट्रेलिया राज्यको उक्त क्षमायाचना पत्र नेपालका आदिवासीहरूको लागि पनि महत्वपूर्ण अध्ययन सामग्री बन्नेछ भन्ने सोचले मैले हतार-हतार आँनो डायरीमा सारेँ । प्लेनमा फर्कँदा मैले सोचेँ अष्ट्रेलियाबाट मैले ल्याएको अमूल्य कोसेली यही होला ।**

यही डिसेम्बर २६ देखि जनवरी २, २०१० सम्म नेपाली आदिवासी जनजाति मञ्च अष्ट्रेलिया (NINFA) को निमन्त्रणामा मैले अष्ट्रेलियाको सिड्नी शहरको यात्रा गर्ने मौका पाएँ । मैले सिड्नीमा धेरै कुराहरु देखें, त्यसमध्ये केही विषयहरू निम्न अनुसार छन्-

१. हुनत, आजका कथित् आधुनिक भनिएका मान्छेहरू र राज्यहरूले संसारभर नै धरतीका सबैभन्दा पुराना मानिस आदिवासीहरूमाथि हत्या, हिङ्सा र दमन गरेका छन् । त्यसमध्ये पनि अष्ट्रेलियाका आदिवासीहरूमाथि गरिएको अन्यायको बारेमा सुनेपछि आङ जिरिङ्ग भयो र स्तब्ध भएँ । तर, अहिले पनि अष्ट्रेलियाका आदिवासीहरूले आफ्नो अस्तित्व र अधिकारको लागि लडाइँ जारिराखेको देख्दा खुशी लाग्यो ।

२. अष्ट्रेलियाको राजधानी क्यानमारामा अवस्थित् संघीय संसदको प्राङ्गणमा त्यहाँका आदिवासीहरू विगत सातवर्षदेखि आगो बालेर, पाल टाँगेर राज्यको विरुद्धमा आन्दोलन गरिरहेका छन् र उनीहरूसँग भेटघाट भयो।

३. अष्ट्रेलियाको सबै सरकारी कार्यालयहरूमा तीनवटा झण्डाहरू फहराईरहेको मैले मेरै आँखाले देखें । पहिलो झण्डा संघ (केन्द्र)को, दोस्रो झण्डा प्रान्त (राज्य)को र तेस्रो आदिवासीको । आदिवासीहरूको झण्डाको रङ् कालो र रातो र बीचमा पहेलो गोलो सूर्य अङ्कित रहेछ ।

४. अष्ट्रेलियाको संघीय संसदको पुस्तकालयमा त्यहाँको प्रधानमन्त्री केभिन रडले राज्यको तर्फबाट त्यहाँका आदिवासीहरूसँग माफी मागेको बहुचर्चित क्षमायाचना पत्र राखिएको रहेछ । नेपालमा पनि यहाँको एकात्मक सत्ताले २४० वर्षसम्म आदिवासीहरूउपर गरेको अत्याचारको लागि माफी माग्नुपर्छ भन्ने आवाज उठिरहेको छ । अष्ट्रेलिया राज्यको उक्त क्षमायाचना पत्र नेपालका आदिवासीहरूको लागि पनि महत्वपूर्ण अध्ययन सामग्री बन्नेछ भन्ने सोचले मैले हतार-हतार आफ्नो डायरीमा सारेँ । प्लेनमा फर्कँदा मैले सोचेँ- अष्ट्रेलियाबाट मैले ल्याएको अमूल्य कोसेली यही होला ।




कुमार लिङदेन 'मिराक'

## Apology to Australia's Indigenous peoples

**House of Representatives Parliament House, Canbera**

I move,

That today we honour the indigenous people of this land the oldest continuing cultures in human history.

- We reflect on their past mistreatment,
- We reflect in particular in the mistreatment of those who were stolen generations – this blemished chapter in our nation history. The time has now come for the nation to turn on a new page in Australia's history by righting the wrongs of the past and so moving forward and with confidence to the future.
- We apologies for the laws and policies of successive parliament and government that have inflicted profound grief suffering and loss. These are fellow Australians.



## Indigenous Woman, Flag and Fire of Australia

- We apologies especially for the removal of the aboriginals and Torres Strait Islander children from their families, their communities and their condition for the pain, suffering and hurt of this stolen generations their descendants for their families left behind, we say sorry; to the mothers and fathers, the brothers and the sisters, for the breaking of families and communities, we say sorry. And for the indignity and degradation those inflicted on a proud people and a proud culture, we say sorry.
- We the parliament of Australia respectfully request that this apology be received in the spirit in which it is offered as a part of the healing of the nation.
- For the future we take heart; resolving that this new page in the history of our great continent can now be written.
- We today take this first step by acknowledging the past and laying claim to a future that embraces all Australians.
- A future where this parliament resolve that the injustice of the past must never, never happen again.
- A future where we harness the determination of all Australians, indigenous and non-indigenous, to close the gap that lies between us in the life expectancy, educational achievement and economic opportunity.
- A future where we embrace the possibility of new solutions to enduring the problems where old approaches have failed.
- A future based on mutual respect, mutual resolves and mutual responsibility.
- A future where all Australians, what ever their origins, are truly equal partners, with equal opportunities and with and equal stake in shaping the next chapter in the history of this great country, Australia.



The Hon. Kevin Rudd, Mp
Prime Minister
February 13th, 2008

●●●

# कोचिला, कोच राजवंशको इतिहास र लिम्बुवान

*लिम्बुवान-मोरङ राज्यमा लिम्बूहरुले सृष्टिको उत्पत्तिकालदेखि शासन गरेको र हालसम्म पनि त्यसको अस्तित्व (ऐतिहासिक र वैधानिक दस्तावेजहरु) प्रष्ट र जीवितै रहेको छ । त्यसकारण, कोच राजवंशीको आदिम थात्थलो भारतको टिष्टा नदी पूर्वको कूच विहार र त्यही कूच विहारसंगै जोडिएको आसामको पश्चिम भाग भएको हुँदा उनीहरु त्यही गएर आफ्नो जातिनामको राज्य खोज्न सक्छन् तर लिम्बुवानमा सक्दैनन्। खोज्न मिल्दैन र पाइन्दैन पनि ।*



प्रकाश यक्सो

आजभन्दा ठीक तीनवर्ष अगाडि अर्थात् २२ भदौ, २०६३ मा नेकपा माओवादीले नेपालको सुदूरपूर्वी लिम्बुवान मोरङ थुम्का तीन जिल्लाहरू (झापा, मोरङ र सुनसरी) लाई मिलाएर जातीय आधारमा कोचिला राज्यको प्रस्ताव अघि सारेको थियो । झापा जिल्लाको कलबलगुडीमा सम्पन्न भएको कोचिला राष्ट्रिय मुक्ति मोर्चाको तीनदिने राष्ट्रिय सम्मेलनमा माओवादीका देव गुरुङ र हितमान शाक्य आदि नेताहरूले यस्तो निर्णय गरेका थिए । त्यतिबेलासम्म माओवादीको संघीय झोलामा लिम्बुवान अटाउन सकेको थिएन । उसले लिम्बुवानको सम्पूर्ण अस्तित्वलाई किरातमा विलय गरिदिएको थियो ।

उसबेला माओवादीले कोचिलाको बारेमा पढेको र जानेको कुरा के रहेछ भने १५औं शताब्दीमा विजयसिंह (विश्वसिंह ?) कोचले स्थापना गरेको कुचविहार राज्यमा कोशीसम्मको तराईक्षेत्रका तीन जिल्लाहरू अर्थात् झापा, मोरङ र सुनसरी परेका थिए । सुगौली सन्धिले मेचीलाई सिमाना निर्धारण गऱ्यो । विजयसिंहको कोचराज्य अंग्रेजहरूको साम्राज्य विस्तारको चपेटामा परेपछि विखण्डित भयो । यिनै आदि विषयलाई आधार मानेर माओवादीले कोचिला राज्यको प्रस्ताव ल्याएको रहेछ । जबकि त्यतिबेला लिम्बुवानको मोरङथुम्मा साङ्लाइङ वंशको राजाहरूले राज्यशासन गर्दै थिए । इमानसिंह चेम्जङले उल्लेख गरे अनुसार "वि. सं. १४२१ सालदेखि यो मोरङ तराईमा अर्कै साङ्लाइङ नाम भएका एकजना लिम्बू राजाले राज्यगर्दै थिए । उनको दरबार वाराताप्पा नै थियो । उनले आफ्नो देशको सिमाना पूर्वमा टिस्टा नदी, पश्चिममा कोशी नदी, उत्तरमा साँगुरीगढी र दक्षिणमा जलालगढ राखेका थिए ।" यिनै साङ्लाइङ वंशका लिम्बू 'राय' राजाहरू क्रमशः पुङलाइङ लिम्बू (हिन्दूमत ग्रहण गरेपछि 'अमर राय' भएको), कीर्तिनारायण राय, अपनारायण राय, जारेनारायण राय, इङदिननारायण राय र विजयनारायण रायले जम्मा सातपुस्ता अर्थात् वि. सं. १४२१–१६६६ (सन् १३६४-१६०९) सालसम्म विजयपुर मोरङमा राज्यमा शासन गरेका थिए । त्यसपछि, मकवानपुरका राजा लोहाङ सेनलाई विजयपुरको थपना राजा मानी फेदापथुम्का राजा मुरेहाङ खेबाङ लिम्बूको वंशले वि. सं. १६६६-१८२६ (सन् १६०९-१७६९) सम्म विजयपुर-मोरङमा राज्यशासन चलाएका थिए । वि. सं. १८२६-१८३१ (सन् १७६९-१७७४) सम्म हाङ बुद्धिकर्ण राय लिम्बू (मुरेहाङ खेबाङ राय लिम्बूवंशका पाचौं पुस्ताका राजा) को राज्यशासन चलेको थियो । इतिहासकार बाबुराम आचार्यका अनुसार "श्री ५ पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने कार्य आरम्भ गर्नुभन्दा सैंतीस वर्षपहिले शुभ सेनका दुई छोरामा विजयपुर पश्चिमपट्टि तलहट्टी र भावरमा परेको पर्सासम्मका जिल्ला मकवानपुरका ठकुराइमा, कोशीदेखि पूर्वपट्टि तिस्तासम्मको तलहट्टी विजयपुरका ठकुराइमा परेका थिए। पहाडपट्टि सिँधुलीका पौवागढीदेखि पूर्वपट्टि पूर्ववाहिनी सुनकोशीको दायाँ किनारपट्टिको महाभाराको उत्तरपाखो अरुणकोशीसम्म नै चौदण्डीको ठकुराइमा सम्मिलित थियो। दूधकोशीदेखि अरुणकोकोशीसम्मको खम्बूहरूको बस्ती भएको माझकिराँत चौदण्डीको ठकुराइमा नै सम्मिलित थियो । अरुणकोशीदेखि पर्वपट्टि सिङ्गेलेला पहाडसम्म दश लिम्बुवान वस्ती र यी वस्तीदेखि दक्षिणपूर्वपट्टि माइखोलाहरूका उपत्यकामा इलामका लिम्बूहरूकै बस्ती रहेको थियो (श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, पृ. ४१४/१५) ।"

१६ औं शताब्दी (सन् १५२३-१५४०) मा विश्वसिंहले 'कोच कामता अथवा कूचविहार राज्यमा राज्यशासन शुरु गरेका थिए । 'कोच कामता राज्य' स्थापना हुनुपूर्वको त्यस ठाउँको ऐतिहासिक पृष्ठभूमि के, कहाँ र कहिले थियो ? भन्ने बारेमा पनि यहाँ थोरै चर्चा गर्दा अन्यथा नहोला । प्राचीन कामरुप (प्रयागज्योतिष) राज्य स्थापना हुनुभन्दा पहिले अर्थात् ईस्वीको पहिलो र दोस्रो शताब्दीतिर त्यस क्षेत्रमा किरातीहरूको बसोवास रहेको थियो । र, त्यस क्षेत्रलाई उसबेला किरहाडिया (Kirrhadia) भनिन्थ्यो भनी महाभारत, रामायण तथा




Ptolemy's Geographia मा उल्लेख भएको पाइन्छ । ईस्वीको ४ औं शताब्दीदेखि १२ औं शताब्दीसम्म आइपुग्दा प्राचीन कामरुप राज्यमा मुख्य तीन राजवंशहरू (Varman, Mlechchha र Pala Dynasty) ले राज्यशासन गरेका थिए । पला राजवंशको शेषपछि १३औं शताब्दीतिर प्राचीन कामरुप राज्य दुई भागमा (कामरुपको पश्चिम भागमा Kamata Kingdom र पूर्वी भागमा Ahom Kingdom) विभाजन भएको देखिन्छ । त्यसपछि, ईस्वीको १३औं शताब्दीदेखि लगभग १५ औं शताब्दीसम्म कामताराज्यमा खेन वंशले राज्यशासन गरे । सन् १४९८/९९ मा बङ्गालका सुल्तान Alauddin Hussain Shah ले खेन वंशलाई हटाई कामता राज्यमा आफ्नो अधिकार जमाएका थिए । तर, पछि त्यहाँका स्थानीय कोच तथा मेच आदि गाउँले शासकहरूको अगाडि Alauddin Hussain Shah को शासन त्यहाँ धेरै समयसम्म टिक्न सकेन । यसै समयकालखण्ड (सन् १५१५ ) मा नै कामता राज्यमा कोच राजवंशको शक्ति उदय भएको देखिन्छ । खासगरी, यो विश्वसिंह को र कहाँका हुन् ? त्यहाँ (कोच कामता राज्यमा) उनको शक्ति कसरी उदय भयो ? भन्ने विषयमा पनि पाठकवर्गहरूमा जिज्ञासा हुनसक्छ । त्यसकारण, त्यस विषयमा पनि यहाँ थोरै चर्चा गरिनेछ । प्राचीन कामरुप- कामता राज्यको स-साना गाउँहरूमा विभिन्न जातिका साना गाउँले मुखियाहरू (Chieftain) को राज्यशासन चलेको थियो । तिनै स-साना गाउँले प्रमुखहरूमध्ये चिक्नावारी (अहिले यो ठाउँ आसामको गोलपारा जिल्लामा पर्दछ) भन्ने एक सानो गाउँमा हरिदास मेच "हरिया मण्डल" (दम्बाम्बु मेचका छोरा) को नाम प्रसिद्ध थियो । उनका जिरा र हिरा (मुखिया कोच हाजोका छोरीहरू) नामका दुई श्रीमतिहरू थिए । जिराका छोरा चन्दन र मदन र हिराका छोरा शिशु र विशु थिए । यिनै चार दाजुभाइमध्येका सबैभन्दा कान्छा छोरा विशु अथवा विश्वसिंह हुन् । प्राचीन कामरुप- कामता राज्यमा कोच राजवंशको शक्ति उदय भएपछि त्यहाँका प्रथम कोच राजा चन्दन भएका थिए । भाइ मदन लडाइँमा मारिए । शिशुले आफ्नै स्वइच्छाले राजगद्दी त्यागे । अर्थात् कान्छा भाइ विश्वसिंहलाई राजगद्दी सुम्पे । त्यसपछि, (सन् १५२३-१५४०) सम्म कोच कामता अथवा "कुच विहार" राज्यमा राजा विश्वसिंह राजसिंहसनमा बसी राज्यशासन गरे । शिशुसिंह "राइकुट" भई अथवा पुर्खौली कमाण्डरको दर्जा लिई बैकुण्ठपुर (हाल जल्पाइगुरी-पश्चिम बंगाल) मा गई बसे । यही कुच विहार राज्यमा कोच राजवंशले जम्मा २४ पुस्ता (सन् १५१५-१९४९) सम्म राज्यशासन गरेका थिए । ती कोच राजाहरूको नाम यसप्रकार छ- महाराजा चन्दन, विश्वसिंह, नरनारायण, लक्ष्मीनारायण, वीरनारायण, प्रननारायाण, मदननारायण, बासुदेव नारायाण, महेन्द्रनारायाण, रुपनारायण, उपेन्द्रनारायण, देवेन्द्रनारायण, धाइजेन्द्रनारायण (१३ औं र १७ औं राजा), राजेन्द्रनारायण, धरेन्द्रनारायण, विजेन्द्रनारायण, हरेन्द्रनारायण, शिवेन्द्रनारायण, नरेन्द्रनारायण, न्रीपेन्द्रनारायण, राजराजेन्द्र नारायण, जितेन्द्रनारायण र जगददिपेन्द्र नारायण आदि । राजा विश्वसिंहको छोरा राजा नरनारायणको समयकाल (सन् १५४०-१५८४) मा कोच कामता राज्य (कुच विहार) को सीमा विस्तार भएको भन्ने दावी उनीहरूको भए तापनि त्यो धेरै समयसम्म रहन सकेन । उसबेलाको कोच कामता तथा कुच विहार राज्यको ऐतिहासिक सीमाक्षेत्रलाई हेर्दा टिष्टा नदीको पूर्व, आसाम-कामरुपको पश्चिम, भुटान दक्षिण र बङ्गलादेश उत्तरको भू-भागहरू नै मुख्य रुपमा देखिन्छ । तर, यो राज्यको यी सीमा क्षेत्रहरूको ऐतिहासिक निरन्तरता भने कायम रहेको देखिन्दैन । र, अहिले भारतमा जुन ग्रेटर कोच कामता राज्यको नाममा जुन जुन क्षेत्रहरूलाई हेरेर दावी गरिएको छ ती क्षेत्रहरू पहिल्यै अरुकै राज्यधिकारभित्र परेका क्षेत्रहरू हुन् । यहाँ एउँटा पत्याउँनै नसकिने कुरा नेकपा माओवादी र पूर्णसिंह राजवंशीले पढेको र जानेको इतिहास १५ औं शताब्दीमा विजयसिंहको राज्यकालमा पूर्वी नेपालको झापा, मोरङ र सुनसरी जिल्लाहरूसमेत अर्थात् कोशीसम्म

कुच विहार राज्य विस्तार भएको थियो भन्ने रहेको छ । तर, यो उनीहरूको भनाइ र बुझाइमा कुनै सत्यता छैन । यो त उनीहरूको अतिरञ्जित र कपोलकल्पित कुरामात्र हो जुन माथि उल्लेख भएको आधार प्रमाणहरूबाट प्रष्ट हुन्छ ।

लिम्बुवान-मोरङ थुम्का आदिम मानव जाति (Original or oboriginal tribe) भनेको खाम्बोङ्बा, लुङ्बोङ्बा याक्थुङ्बा (अहिलेका लिम्बू) हुन् । मोरङ थुम् लिम्बुवान राज्यको अभिन्न र आदिम भूमि हो । इतिहासकार इमानसिंह चेम्जङले मुङमारोङ राजाको नामबाट त्यस इलाकाको नाम मावरोङ राखिएको र पछि त्यही 'मावरोङ' शब्दको अपभ्रंश आधुनिक 'मोरङ' हुन् गएको हो भनी उल्लेख गरेका छन् । इतिहासकालदेखि नै कसैको राज्यधिकारको सीमाक्षेत्रभित्र परेको भूमिमा अरु कुनै जाति वा शक्ति आएर बलपूर्वक कुनै एक कालखण्डसम्म हडपेको भन्ने अर्थमा पुनः त्यो राज्य मेरै हो भनी दावी गर्न सकिन्दैन र त्यसो गर्न पनि मिल्दैन । उदाहरणको लागि ब्रिटिश सरकारले सन् १६१२-१९४७ सालसम्म पूरै भारत (हिन्दूस्तान र पाकिस्तान) मा साम्राज्य फैलाएर राज्यशासन गरेको थियो । तर, के ती ठाउँहरू अब फेरि उसले मेरै हो भनी दावी गर्न सक्छ ? सक्दैन, किनकि भारत भारतीय आदिवासीहरूको आदिम थलो हो, ब्रीटिशको होइन । त्यसैकारण, सन् १९४७ सालसम्म आइपुग्दा भारतीय स्वतन्त्र आन्दोलनको हुरीले ब्रीटिशलाई भारतबाट लखेट्न सफल भएको हो ।

प्राचीन कामतापुरको इतिहास हेर्दा कोच राजवंशीको आदिम थात्थलो भनेको कूच विहार तथा आसाम-कामरुप क्षेत्रहरू नै मुख्य देखिन्छ । तर, अहिलेचाहिँ यो जातिहरू आप्रवासीको रुपमा अन्यत्र ठाउँहरूमा पनि बसाइँ सरेर बसेका छन् जुन कुरा कोच कमतापुरको इतिहासमा यसरी उल्लेख गरिएको छ- The Kamatapur is the ancient name of the Koch-dynasty which includes the present divided Kamatapur kingdom which includes the entire North-Bengal of the west Bengal, most of the parts of present Assam. Koch Rajbongshi is an ancient tribe originally from the ancient Koch Kingdom. The homelands of this ancient tribe include West Bengal, Assam, Arunachal Pradesh, Meghalaya and various North Eastern parts of India. Because of migration this community can be found in various parts of India in other parts of the world–(History of Ancient Kamarup).

राजा विश्वसिंहको छोरा राजा नरनारायणको सन् १५८४ मा मृत्युभएपछि कोच कमता राज्य दुई छुट्टाछुट्टै भागमा अर्थात् Western Portion मा 'कुच विहार' र Eastern portion मा 'कोच हाजो' राज्यमा विभाजन भएको थियो । कोच कामता (कोच विहार) मा नरनारायण, लक्ष्मीनारायण आदि राजा भएका थिए भने कोच हाजो (कामरुप) मा रघुदेव (नरनारायणको भाइ चिल्लाराइको छोरा) राजा थिए । विश्वसिंहका छैटौं पुस्ताका राजा प्रन नारायणको समयकालमा अर्थात् सन् १६६१ मा बङगालका मुघाल फोर्स (औरङ्गजेव) ले कोच विहारमाथि आक्रमण गरेपछि कोच विहार राज्यको स्वतन्त्रताको सर्वोच्च अधिकार समाप्त भएको देखिन्छ । सन् १७७२-१७७३ मा भुटानले कोच विहारमाथि आक्रमण गऱ्यो । त्यसपछि, ०५ अप्रिल १७७३ मा कोच विहारबाट भुटानिज फौंजहरूलाई हटाउने र उप्रान्त कोच विहार भारतीय ब्रीटिश शासनअन्तर्गत् रहने भन्ने शर्तमा कोच विहार राज्यका (पन्ध्रौं पुस्ता ?) का राजा धरेन्द्र नारायण र ब्रीटिश ईष्टइन्डिया कम्पनिबीच एक सन्धि-सम्झौता भयो । त्यसपछि, कोच विहार ब्रीटिश ईष्ढण्डिया कम्पनी अन्तर्गतको एउटा राजकीय राज्यको रुपमा सीमित हुनपुग्यो । २८ अगष्ट १९४९ मा भएको गभर्नर-जेनेरल अफ ईण्डिया र कोच विहारबीचको सन्धिले 'कोच विहार' पूर्णरुपमा भारत सरकार (Govt. of India) को अधीनस्थ रहन पुग्यो । अहिले यो 'कूच विहार' पश्चिम बङ्गालको एक जिल्लाको रुपमा मात्र सिमित रहेको छ । यसरी हेर्दा के देखिन्छ भने कोच राज्य र कोच शासकहरू एक समयकालखण्डसम्म मात्र अर्थात् १६ औं शताब्दीमा झुल्किएर करिव १८औं शताब्दीमै अस्ताएको देखिन्छ । जबकि, लिम्बुवान-मोरङ राज्यमा लिम्बूहरूले सृष्टिको उत्पत्तिकालदेखि शासन गरेको र हालसम्म पनि त्यसको अस्तित्व (ऐतिहासिक र वैधानिक दस्तावेजहरू) प्रष्ट र जीवितै रहेको छ । त्यसकारण, कोच राजवंशीको आदिम थात्थलो भारतको टिष्टा नदी पूर्वको कूच विहार र त्यही कूच विहारसंगै जोडिएको आसामको पश्चिम भाग भएको हुँदा उनीहरू त्यही गएर आफ्नो जातिनामको राज्य खोज्न सक्छन् तर लिम्बुवानमा सक्दैननन्। खोज्न मिल्दैन र पाइन्दैन पनि ।

त्यसैगरी, हाल लिम्बुवान-मोरङमा बसोवास रहेका धिमाल, मेच आदि जातिहरू बोडो-कछारी कम्युनिटिभित्रका जातिहरू हुन् । बोडो-कछारीहरूको आदिम थलो भनेको भारत-ब्रह्मपुत्र भ्यालिअन्तर्गतको आसाम, तिर्पुरा, उत्तर बङ्गाल र बङ्गलादेशको केही भागहरू मुख्य देखिन आउँछ । खैर, त्यहाँ पनि उनीहरू अर्थात् बोडोहरू बोड-तिब्बतबाट र कछारीहरू कसारबाट आएका हुन् भनिएको छ जुन यसप्रकार छ- Bodo-Kachari is a generic term applied to a number of ethnic groups predominatly in Assam speaking Tibeto-Burman languages or claiming a common mythical ancestry. They were first classified by S. Endle as the Kacharis. Here Bodo is derived from *Bod* which is Tibet and Kachari is derived from *kassar* meaning the foothills of the Himalayas. They are considered to have reached the Brahmaputra valley via Tibet and

settled in the foothills of the eastern Himalayan range which includes the whole of Assam, Tripura, North Bengal and part of Bangaladesh. That the Bodo-Kacharis were early colonizers of the river valleys is taken from the fact that most of the rivers in the Brahmaputra valley today carry Tibeto-Burman names--- *Dibang, Dihang, Dikhou, Dihing etc.---where di- means water in Tibeto-Burman* (Bodo- Kchari in India). सन् १८८१ को भारतको जनगणना अनुसार कछारीहरूलाई १८ समूह (Bodo, Dimasa, Lalung, Madani, Mech, Rabha, Saraniya, Hojai, Garo, Rajbanshi or koch, Chutiya, Moran, Hajong, Tipra, Mahaliya, Dhimal, Solaimiya and Phulgaria (Singh, 1994:431) मा वर्गीकरण गरेको पाइन्छ । हड्सन, डाल्टोन, बान्ड्डयोपाध्याय र एण्डल आदि विद्वानहरूले पनि धिमाल, कछारी, राभ, बडो र मेचहरू एउटै जाति समूहका हुन भनी उल्लेख गरेका छन् । कुनैपनि जातिले आफ्नो आदिमथलो बाहेकका अन्य स्थानमा गएर राज्यको दावी गर्न कदापि सकिन्न र पाइन्न । र, अहिलेसम्म काँही पनि त्यसरी राज्य मागेर पाएको देखिएको छैन ।

माओवादी निकटका कतिपय लिम्बूजनहरूको बुझाइ के रहेछ भने ०२ डिसेम्बर १८१५ मा ब्रीटिशको इष्ट इन्डिया सरकार र नेपालबीच भएको सुगौली सन्धिले कोचहरूको ९९ प्रतिशत भू-भाग भारतमा गाभेको र बाँकी एक प्रतिशत भू-भागचाहिँ अझै नेपालमै रहेको भन्ने गरेका छन् । तर, माथि उल्लेख भएको ऐतिहासिक आधारप्रमाणहरूले के देखाउँछ भने सन् १६६१ मा कोच विहार राज्यको स्वतन्त्र अस्तित्व नै समाप्त भएको छ । र, ०५ अप्रिल १७७३ मा ब्रीटिश-भारत सरकार र कोच राजाबीच भएको सन्धि भएपछि कोच विहार राज्य ब्रिटिश-भारतको एक अधिकारविहीन राज्यको रुपमा मात्र सीमित रहनपुग्यो । त्यसपछि, फेरि २८ अगष्ट १९४९ मा भएको सन्धिले कूच विहार राज्यको राजा र राजकीय अस्तित्व समाप्त गरिदियो । त्यसकारण, यो माथिको ऐतिहासिक आधारप्रमाणहरूले के देखाउँछ भने नेपाल र इष्ट इन्डिया कम्पनीबीच भएको सुगौली सन्धिले कोचको होइन नेपालको ठूलो (एक तिहाई) भू-भाग भारतमा गाभेको छ । त्यसरी, नेपालको भू-भाग भारतमा गाभिन जाँदा लिम्बुवान राज्यको पनि पूर्वमा टिष्टा र दक्षिणमा ( लिम्बुवानको तत्कालीन सीमाना) टक्सोगञ्ज-जलालगढसम्मको लिम्बुवानको भू-भाग भारतमा पर्न गएको छ । यता लिम्बुवानको मोरङमा कहिल्यै पनि कोचको राज्यको अस्तित्व थिएन । भनेपछि, कसरी चाहिँ सुगौली सन्धिले कोचको ९९ प्रतिशत भू-भाग भारत गाभ्यो ? जुन सुगौली सन्धिको विषयमा यसरी पनि उल्लेख भएको पाइन्छ।
Under the treaty, about one-third of Nepalese territory was lost, including Sikkim (whose Chogyals supported Britain in the Anglo-Nepalese war); territory to west of Kali River like Kumaon and Garhwal (present India state of Uttarakhand); some territories to the west of the Sutlej River like Kangra (present day of himachal Pradesh); and much of the Terai Region. Until the Sugauli Sandhi (Treaty) was signed, the territory of Nepal also included Darjeeling and Tista to the East, Nainital to the South-West and Kumaun, Garwal and Bashahar to the West. However, today these areas are a part of India (Sugauli Treaty).

अहिलेको तितो यथार्थ के हो भने, नेपालका प्रमुख राजनीतिक दलहरू लिम्बुवानको साँचो र जिउँदो इतिहासलाई पनि स्वीकार गर्न मानेका छैनन् । पूर्वी नेपालको अरुण-सप्तकोशी नदी पूर्वको सम्पूर्ण ९ जिल्लाहरू (झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, इलाम, पान्थर, ताप्लिजोङ र सङ्खुवासभा) लिम्बुवानको ऐतिहासिक भू-क्षेत्र हो भन्ने कुरा इतिहासमा प्रष्टै उल्लेख भए तापनि झापा, मोरङ, सुनसरी र सङ्खुवासभा जिल्लाहरूलाई छोडेर बाँकी रहेको पहाडी पाँच जिल्लाहरूलाई मात्र लिम्बुवानअन्तर्गत् राख्ने षड्यन्त्र गर्दैछन् । र, तराइका उपर्युक्त तीन जिल्लाहरूलाई मिलाएर कथित् विराट, कोचिला, मधेश र लिम्बुवानको ऐतिहासिक चैनपुरथुम् (सङ्खुवासभा) लगायतलाई चाहिँ किरातमा विलय गरी आफ्नो स्वार्थ अनुकूलको सानो प्रकारको मात्र लिम्बुवान राखिदिनेजस्ता लिम्बुवानघाती षडयन्त्र तथा झूटो प्रचार गरिरहेका छन् । तर, त्यसको कुनै प्रयाप्त आधार र औचित्य नै छैन । साँचो र जिउँदो ऐतिहासिक आधार भएको लिम्बुवान राज्यलाई नस्वीकार्ने र हुँदै नभएकोलाई चाहिँ स्वीकार गर्ने यो कस्तो लोकतन्त्र उनीहरूको ? खासमा, नेपालका प्रमुख दलहरूको नेतृत्व वर्गसँग जरा गाडेर बसेको सामन्ती आन्तरिक स्वार्थको कारण यस्तो हुन गएको हो । यही कारण, लिम्बुवानमाथि उनीहरूको सामन्ती सोच र स्वार्थ हट्न सकेको छैन । दलहरूको यस्तो प्रकारको सोच र व्यवहार रहेसम्म साँचो लोकतन्त्रको कल्पनासम्म गर्न सकिन्न । त्यसकारण, अहिले हाम्रो मुख्य जोड केमा रहेको छ भने लिम्बुवानले उसको ऐतिहासिक पृष्ठभूमि (नामाङ्कन र सिमाङ्कन) मा उभिनु पाउनुपर्छ । त्यसलाई नामेट गरेर बनाइएको अपूर्ण लिम्बुवान राज्य तथा सन्धि सम्झौतालाई कदापि स्वीकार्न सकिन्न । त्यहाँ एउटै लिम्बुवान नामको राज्य बन्नसक्छ तर जातैपिच्छेको जातीय नयाँ नाम राज्यहरू कदापि बन्न सक्दैनन् र बन्न मिल्दैन पनि । त्यसकारण, सारमा यो संघीय नेपालअन्तर्गत् एक क्षेत्रीय वा प्रान्तीय राज्य नै हुनेछ जहाँ आदिवासी लिम्बू जातिका साथै अन्य सबै जातजातिहरू अटन र रम्न सक्नेछन् ।

●●●

(लेखक लिम्बुवान मुक्ति मोर्चा, नेपालका केन्द्रीय सदस्य हुन्)

# धिमाल जाति, भाषा र भूमिबीचको सम्बन्ध

*नेपालका विभिन्न भौगोलिक ठाउँहरूको नाम विभिन्न तरिकाले आदिकालदेखि बसोबास गर्दै आएका समुदाय तथा जातजातिहरूको भाषा, संस्कृति, इतिहास, पहिचानसँग सरोकार राखी नामाकरण भएका थिए। तर, राज्य सरकारमा बसेका टाठाबाठाहरूले आफ्नो अनुकूल ती ठाउँहरूको नामहरू बदल्दैजानाले ती समुदाय, आदिवासी रैथानेहरूको इतिहास सङ्कटमा परेको छ ।*



**सोमबहादुर धिमाल**

हाम्रो देश नेपालमा धेरै सानासाना समुदायहरू छन् । जनसङ्ख्याको हिसाबले सानो आकार, राजनीतिक पहुँचको हिसाबले पछि परेका र शैक्षिक अवस्था, आर्थिक अवस्था, रोजगारी क्षेत्रमा ज्यादै पिछडिएका समुदायहरू धेरै छन् । यस्तै विविध पक्षमा पिछडिएका आदिवासीमध्ये धिमाल एक हो । यस समुदायबाट प्राचीन समयमा कोहीबाट पनि इतिहास खोज्ने, अभिलेख राख्ने, खोज अनुसन्धान गर्ने जस्ता कामहरू हुन नसकेकोले गर्दा यस समुदायको इतिहास लेखन गर्न गाह्रो देखिन्छ । नेपालका विभिन्न भौगोलिक ठाउँहरूको नाम विभिन्न तरिकाले आदिकालदेखि बसोबास गर्दै आएका समुदाय तथा जातजातिहरूको भाषा, संस्कृति, इतिहास, पहिचानसँग सरोकार राखी नामाकरण भएका थिए। तर, राज्य सरकारमा बसेका टाठाबाठाहरूले आफ्नो अनुकूल ती ठाउँहरूको नामहरू बदल्दै जानाले ती समुदाय, आदिवासी रैथानेहरूको इतिहास सङ्कटमा परेका छन् । यसै परिप्रेक्ष्यमा यहाँ कसरी धिमाल भाषाबाट विभिन्न ठाउँहरूको नामाकरण भयो भन्ने विषयमा चर्चा गर्ने जमर्को गरिएको छ ।

धिमाल भाषा र स्थानीय गाउँठाउँका नामहरुलाई गहिरो अध्ययन गर्दा धेरै ठाउँहरू प्राचीन समयमा धिमाल भाषाबाट नामाकरण भएको पाइन्छन् । धिमालका बूढापाका, बुद्धिजीविहरूलाई सोध्दा पाइएको नामाकरणका तथ्यहरू यहाँ प्रस्तुत गरिएको छ ।



धिमाल भाषामा कसरी झापा रहयो भन्दा, पहिला तराईमा जङ्गलै जङ्गल थियो । त्यसताका धिमालहरू जङ्गलमा वन फरानी गर्ने, रुख विरुवाहरू काट्न जाने गर्दथे । त्यसबेला, धिमाल भाषामा तिसु एला झार पाल्ली भन्दाभन्दै पछि गएर झापा जिल्लाको नामाकरण भयो । तिसु एला झार पाल्ली शब्दको अर्थ नेपालीमा जाऔं अब जङ्गल फरानी गर्नु भन्ने हुन्छ । त्यस्तै मोरङ जिल्लाको नाम कसरी रहयो भन्दा पहिला तराईमा बाढी धेरै आउने गर्दथ्यो । बर्षामा बाढी धेरै आउने तर अरु बेला खोलानालाहरू सुख्खा हुने गर्दथ्यो । खोलानालाहरू सुकेपछि खोलाले छोडेको माटो खस्रेर खेतीपाती गर्ने गरिन्थ्यो । धिमाल भाषामा मारालाका माराङ बाट बोल्दाबोल्दै मोरङ भएको हो । मारालाका माराङको अर्थ नेपालीमा बाढी आएपछि खोलानालाहरूले छोडेर निस्किएको बगर भन्ने हुन्छ । पहिला खोला नदीहरू बाढी आएर छोडेको जमिनबाट मोरङ जिल्लाको नामाकरण भएको हो । त्यस्तै सुनसरी पनि धिमाल भाषाबाटै भएको हो भनी धिमालहरू दाबी गर्दछन् । पहिला धिमालहरू एक ठाउँमा बसेपछि हत्तपत्त नसर्ने वा एकै ठाउँमा धेरै लामो समयसम्म गुज्जमुज्ज बाक्लो घरहरू बनाई बस्ने गर्दथे । पहिला धिमालहरू नसर्ने नसर्ने भनी धिमाल भाषामा सोना मालेताङ्का रेई सोनाबाट सोनासरी भयो । पछि यही सोनासरीबाट सुनसरी भयो भन्ने विचार धिमाल बूढापाकाहरू राख्दछन् । सोना मालेताङ्का रेई सोनाको अर्थ 'साह्रै प्यारो ठाउँ नसर्ने है, नसर्ने है' भन्ने हुन्छ ।

भाषामा नदीनालाहरूको नामाकरण पनि भएको पाइन्छ । धिमाल भाषाबाटै लोहोन्द्रा खोलाको नामाकरण भएको हो । पहिला यो खोला उत्तरबाट बग्दा नागबेली र बीचमा फुकेको थियो । धिमाल भाषामा यसलाई दोन्धा झोरा भनिन्थ्यो । पछि दोन्धा भन्दाभन्दै अपभ्रंश भई लोन्धा भनियो । यही लोन्धालाई



पछि गएर लोहोन्द्रा खोला भनियो भनी धिमाल बूढापाकाहरू भन्दछन् । दोन्धा झोराको अर्थ 'सामानहरू राख्ने पिञ्जराजस्तो खोला वा नागबेली परेको बीचमा फुकेको खोला' भन्ने हुन्छ। त्यस्तै, गाछिया नदी धिमाल भाषाबाटै भएको हो । यस नदीमा पहिला पहिला धेरै गाछी माछाहरू पाइन्थ्यो। धिमाल भाषामा मारेम्फाङ हिन्साङ गाछीहाया निङका बाट गाछीया झोरा भएको र पछि त्यसैबाट गछीया भएको हो । यसको अर्थ नेपालीमा धेरै गाछीमाछाहरू पाउने नदी भन्ने हुन्छ । त्यस्तै चिसाङ नदी धिमाल भाषाबाटै भएको हो । पहिला धिमालहरूको बस्तीहरू हालको बसोबास भएको ठाउँहरूको उत्तरी क्षेत्र लेटाङ, भोगटेनी, गुवाइबारी, धिमाल डाँडा, धिमाल राजा पोखरी, धिमाल रानी पोखरी आदि ठाउँहरूमा थियो । त्यसबेला, लोक्रा झार, लक्ष्मीथान वा नेपालीमा लोक्रा झारको अर्थ बाघहरू बस्ने जङ्गल र लक्ष्मीथानको अर्थ पहिला लक्ष्मी धिमालको गाउँमा बनाएको धिमाल महाराजथान हो । लक्ष्मी धिमाल बसेको गाउँबाट नदी तरेर अर्को लोक्रा जङ्गलमा मानिसहरू जान डराउँदथे। धिमाल भाषामा ओदोपार मापारासु लोक्रा चिसाङ बाट पछि चिसाङ नदीको नामाकरण भएको हो । ओदोपार मापारासु लोक्रा चिसाङको अर्थ 'अर्को छेउतिर नदी तरेर नजानुहोस् बाघले खान्छ' भन्ने हुन्छ । त्यस्तै बक्रा नदीको नाम धिमाल भाषाबाटै नामाकरण भएको हो । धिमाल भाषामा बार्का रा सो झोका झोराबाट बाक्रा भएको हो । यसैबाट पछि अपभ्रंश भएर बक्राहा नदी भएको हो । बार्का रा सो झोका झोराको अर्थ 'ठूलो पहाडहुँदै तलतिर बग्ने नदी' भन्ने हुन्छ । धिमालबाट नेपाली भाषामा बार्का=ठूलो, रा=पहाड, सो झोका झोरा=घाबाट बग्ने नदी भन्ने हुन्छ । रतुवा नदीको नाम पनि धिमाल भाषाबाटै भएको हो । धिमाल भाषामा रा तुइकाबाट रातुवा भएको हो । यही रातुवालाई पछि गएर रतुवा नदी भनिएको हो । यसको अर्थ नेपाली भाषामा रा=पहाड, तुइका=सानो सानो पानी जमेको धब्बाहरू, वा रा तुइकाको अर्थ धिमाल भाषामा रा पाहासो झोकाताङ म्हइ म्हइका चिको धोबागेलाई मिलितेङ झोका झोरा भन्ने हुन्छ । पहाडबाट सानो सानो पानीको धब्बाहरू, मूलहरू मिलेर ठूलो भई बगेर आउने नदी भएकोले धिमाल भाषामा यसलाई रातुवा भनिएको हो । त्यस्तै माई नदी पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । यो नदीलाई धिमालहरूले जलदेउता, आमा नदीका रुपमा मान्दछन् । धिमाल भाषाको आमाईबाट माई वा पूर्वका धिमाल भाषामा माईको अर्थ आमा हुन्छ । आमा नदी भएकोले यसलाई माई झोरा भनिएको हो । यसैलाई पछि गएर कन्काई नदी भनी भनिएको हो । नगरडुबा नदीको नाम पनि धिमाल भाषाबाटै भएको हो । पहिला धिमालहरू वीर, लडाकूहरू थिए । लडाईंबाट नागारा नागरी लिएर फर्कन लाग्दा नागारा चाहिँ नदीमा तल झरेर डुब्यो र खोज्दा फेला पर्न सकेन । नागरी चाहिँ अहिले पनि नजर धिमाल, धाइजनकहाँ सुरक्षित छ । नागारा डुबेको नदी भएकोले पछि गएर त्यस नदीको नाम नागारडुबा भनी राखिएको हो । यही नागारडुबालाई पछि नगरडुबा नदी भनी भनियो । त्यस्तै निन्दा नदी धिमाल भाषाबाटै भएको हो । धिमाल भाषामा निन्धा झोराबाट पछि निन्दा नदी भएको हो । मावा नदी पनि धिमाल भाषाबाटै भएको हो । धिमालको पूजापाठ गर्दा यो नदीलाई केटा नदी मानिन्छ । माई नदी सासु आमा नदी हुन् । माई नदीको छोरी ल्याएकोले यस नदी लाई म्हावा नदी भनिएको हो । म्हावा=ज्वाईं भन्ने नेपालीमा हुन्छ । पछि म्हावा भन्दा भन्दै मावा नदी भनी भनिएको हो । टि माई नदी पनि धिमाल भाषाबाटै भएको हो । धिमाल भाषामा टि आमाई वा टि माई बाट टि माई नदीको नामाकरण भएको हो । त्यस्तै भारतमा भएको टिष्टा नदी धिमाल भाषाबाटै नामाकरण भएको हो । धिमाल भाषामा 'टि सिता'बाट टिष्टा नदीको नामाकरण भएको हो । धिमाल भाषाको टि+ सिता मिलेर टिष्टा नदी भएको हो भनी धिमाल बूढापाकाहरू दाबी गर्दछन् ।

धिमाल भाषामा गाउँ तथा अन्य ठाउँहरूको पनि नामाकरण भएको बूढापाका तथा धिमाल बुद्धिजीवी व्यक्तित्वहरू दाबी गर्दछन् । पथरी पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । पहिला यस क्षेत्रमा जङ्गल थियो । धिमाल भाषामा झालास झुलुस धाइतेङ पथ्रापथ्री पाहासो पाथ्री भएको हो । यसको अर्थ जङ्गल बोटविरुवाहरू कटानी वा फरानी गरिएको ठाउँलाई पाथ्री भनी धिमाल भाषामा भनिन्छ । पछि यसैलाई पाथ्री भन्दाभन्दै अपभ्रंश गरी पथरी भनी भनिएको हो । रमिते पनि धिमाल नामबाटै भएको हो । धिमाल भाषामा धुम लाराइको बेलाता रामगिल्का थामे वा पहिला लडाईंको बेला धिमालहरू हराएको ठाउँ भएकोले धिमाल भाषाको रामगिल्का थामे भएको हो । पछि यसैलाई बोल्दा बोल्दै रमिते भनिएको हो । भोगटेनी पनि धिमाल भाषाबाट नामाकरण भएको हो । पहिला पृथ्वीनारायण शाहले लडाईंमा विजय गर्दैगर्दै आउँदा धिमाल लडाकूहरू यसै ठाउँमा लुकेर बस्ने गर्दथे । धिमाल भाषामा भोतेङ



भोतेङ हिगिल्का थामे वा नेपालीमा लुकी लुकी बस्ने ठाउँ भन्ने हुन्छ । भोतेङ भोतेङ हिगिल्का थामेबाट भोगिल्काथामे भएको हो । पछि यसैलाई भोगटेनी भनी भनिएको हो । लेटाङ धिमाल भाषाबाटै नामाकरण भएको हो । धिमालहरू पहिला धिमाल डाँडा, लेटाङभन्दा माथि पहाडमा बस्ने गर्दथे । धिमाल भाषामा माथिबाट तल वा रा सो लेता=पहाड बाट मुन्तिर वा तल्तिर भन्ने हुन्छ । माथिबाट उता तल्तिर भनी भन्दा धिमाल भाषामा लेटाङ भनिन्छ । धिमाल डाँडाबाट तल्तिर लेटाङ पर्दछ । जाँतेखेरुवा पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । धिमाल भाषामा जाया खेराइतेङ उब्जिपाका थामे बाट जायाखेरुवा भएको हो । पहिला पहिला धिमालहरू त्यस ठाउँमा जाया घेराबेरा गरी उब्जाउने गर्दथे । पछि यसैलाई जाँतेखेरुवा भनी भनिएको हो । हरैचा पनि धिमाल नामबाटै भएको हो । पहिला धिमालहरू सुँगुर किन्न लेटाङबाटै सोही ठाउँको बजारमा जाने गर्दथे । धिमाल भाषामा हारी पाया चोल्का थामेबाट पछि हरैचा भएको हो । वयरवन पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । धिमाल भाषामा बानाल=चिठीपत्र वा समाचारहरू पाउने ठाउँको केन्द्र भएकोले वा यस ठाउँमा केटाले केटी भगाएर ल्याउने ठाउँ भएकोले धिमाल भाषामा बोरबाना भएको हो । पछि यसै ठाउँको नाम बयरबन रहन गएको हो । त्यसै गरी अमरदह धिमाल भाषामा आर्ना दियागालाई चिउका थामे वा अर्ना भैसीहरू नुहाउने ठाउँबाट भएको हो । हसन्दह धिमाल भाषामा हासा चिउका थामे वा हाँसहरू नुहाउने ठाउँबाट भएको हो । त्यस्तै राजघाट पनि धिमाल भाषाबाटै बनेको नाम हो । पहिला पहिला राजाहरू सवारी हुँदा ओहोर दोहोर गर्ने घाट वा धिमाल भाषामा राजागालाई सावारी जेङका बेला एदोपार ओदोपार पातेङ पाराका घाटेबाट राजघाट भएको हो । त्यस्तै गरी उर्लाबारी पनि धिमाल भाषाबाटै नामाकरण भएको ठाउँ हो । धिमाल भाषामा मावा खोला र बक्राहा खोलामा उलाउलापा बाने लोका थामे वा मावा र बक्राहा खोलामा ठूलो बाढी आउने बेलामा पानीको छाल तलमाथि तलमाथि गरी आउने भएकोले उर्लाबारी भनी नाम भएको हो । केही बूढापाकाहरू मधुमल्ला पनि धिमाल भाषाबाटै नामाकरण भएको हो भनी भन्दछन् । त्यसताका धिमालका पुर्खाहरू र राई, लिम्बूहरू बारम्बार झगडा गर्ने गर्दथे । झगडा गर्दा धिमाल भाषामा मि धुलाउबुङ माला फेसुसु भनेको बाट पछि मधुमल्ला नाम रहन गएको हो । दमक नाम पनि धिमाल भाषाबाटै भएको हो । धिमाल भाषामा दालदालीको थामे, दालदाली दोङ दालदाली हिका थामे वा भासै भास भएको ठाउँबाट पछि दमक भएको हो भनी धिमालहरू भन्दछन् । यसैगरी, धिमाल भाषाको लखन धुराबाट पछि लखनपुर बनेको हो । त्यसैगरी, विर्तामोड पनि धिमालबाटै नामाकरण भएको हो । पहिला धिमालहरूले जङ्गल फरानी गरेका थिए । पछि सो फरानी गरेको जग्गा अनारमुनी अन्धारु देउन्याको नाममा बिर्ता दिने काम भयो । उनको नाममा बिर्ता दिने काम भएकोले पछि यसैबाट सो ठाउँको नाम विर्तामोड भनी रहन गयो । धुलाबारी पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । पहिला यस ठाउँमा धुला फुस्सफुस्स धेरै उड्ने गर्दथ्यो । धिमाल भाषामा धुला फुसफुसपा उराइका थामे भएकोले पछि धुलाबारी नाम रहन गएको हो । जलथल पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । धिमाल भाषामा चि जालाथालापा जोम्का थामे बाट जालाथाला भएको र पछि गएर सो नामबाटै जलथल रहन गएको हो ।

त्यसैगरी, गाउँको नामहरू पनि धेरै धिमाल भाषाबाट नामाकरण भएको छ । दापगाछी पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । पहिला धिमाल भाषामा दाह्वा सिङ भएकोले दापगासी भएको र पछि सोही नाम दापगाछी भएको हो । त्यस्तै जमुझार पनि धिमाल भाषाबाटै नामाकरण भएको ठाउँ हो । धिमाल भाषामा जाम्बुको सिङगालाई हिन्साङ निङका बाट जाम्बुझार भएको र पछि यसैलाई जमुझार भनि नामाकरण गरिएको हो । पहिला त्यस ठाउँमा

धेरै जमुनाको रुखहरू पाइन्थ्यो । त्यसैले, धिमाल भाषामा जाम्बुझार वा जमुनाहरू पाउने जङ्गल भनी नामाकरण भयो । डाकिनी पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । त्यस ठाउँमा धिमाल बूढापाकाहरू पहिला धेरै गीतहरू रचना गर्न सक्नेहरू बस्दथे । धिमाल भाषामा ते लेसु तो ले डाकायाइने बाट धिमाल भाषामा नै डाकिनी नाम रहन गएको हो । अडियामाल पनि धिमाल भाषाबाटै नाम रहन गएको हो । पहिला त्यहाँ धिमालहरूका देउता आन्धा राजा दीरको थान भएकोले सो देउताको पूजा गर्नाले पछि त्यस ठाउँको नाम अडियामाल रहन गएको हो । चोडकपाडा पनि धिमाल नामबाटै रहन गएको हो । पहिला त्यस ठाउँमा हिन्साङ चोप्रा हाया निङका धिमाल भाषाबाट चोरपारा भएको र सोही नामलाई पछि गएर चोडकपाडा भनी नाम राखियो । अर्नाखारी पनि धिमालबाटै नामाकरण रहन गएको हो । धिमाल भाषामा आर्ना दियागालाई चिउका थामे बाट आर्नाखारी भएको हो । पहिला त्यस ठाउँमा धेरै अर्ना भैसीहरू नुहाउने खाल्टो ठाउँ थियो । अर्नाभैसीहरू नुहाउने ठाउँ भएकाले पछि धिमाल भाषाबाटै आर्नाखारी भएको र अहिले त्यसलाई अर्नाखारी भनी भनिन्छ । त्यस्तै नलबारी पनि धिमाल भाषाबाटै नामाकरण भएको ठाउँ हो । पहिला सो ठाउँमा खोला बग्दथ्यो । धिमाल भाषामा चि सिका झोराको काम्बेता नालाको झारदोङ झार हिकासो नालाबारी जेङका । पछि खोलाले छोडीदिएको र सो नदीको वरिपरिको ठाउँमा नालको जङ्गलै जङ्गल भएकोले धिमाल भाषामा नालाबारी भएको र पछि त्यसैलाई नलबारी भनी नामाकरण गरिएको हो । अठियाबारी पनि धिमाल भाषाबाटै नामाकरण भएको पाइन्छ । धिमाल भाषामा आठिया लुम्फी निङका बारी बाट आठियाबारी भएको हो । पहिला त्यस ठाउँमा धिमाल गाउँमा रोप्ने आठिया केराहरू प्रशस्त पाइने भएकोले अठियाबारी नाम रहन गएको हो । अर्को अठियाबारी नाम रहनाको कारणमा त्यस ठाउँमा धेरै वर्ष प्रधानपंञ्च चलाउने श्री कहरमान धिमालको बाजेको नाम पनि आठिया वाराङ थियो । पछि सोही बूढाको नामबाट आठियाबारी नाम रहन गएको हो भन्ने विचार पनि गाउँघरका बूढापाकाहरू भन्दछन् । त्यसैगरी, जनघटा ठाउँ पनि धिमालबाटै नाम रहन गएको हो । धिमाल भाषामा या थामे लाम्फा दिहैं, नुहैं, माहैं गोताङ थामेसो जोम्का थामे बाट जनघटा नाम रहन गएको हो । यसको अर्थ पहिला पश्चिम, पूर्व र दक्षिण तीन दिशाबाट मान्छेहरू यस ठाउँमा जमघट गर्ने कामहरू हुने गर्दथ्यो । जनहरू वा मानिसहरू जमघट हुने हुनाले पछि जनघटालाई फेरी जयनघटा भनी नामाकरण गर्ने काम भयो । कारीकोशी पनि धिमाल भाषाबाटै नामाकरण भएको हो । धिमाल भाषामा कासे सिङगेलाई इस्तु निङका थामेसो कासेझार जेङका । वा यस ठाउँमा कासेका रुखहरू प्रशस्त पाइन्थ्यो । कासेका रुखहरू पाइने भएकोले कासेझार भएको र पछि सोही नामबाट कारीकोशी नाम रहन गएको हो । दुम्रेघाटे पनि धिमालबाटै नामाकरण भएको हो । धिमाल भाषामा या थामे पाराली एदोपार ओदोपार दुम्रेको सिङ चिउका घाटेता ताञ्का हिनासिङ दुम्रेघाटे मिङ जेङका । पहिला यस ठाउँमा ओहोर दोहोर गर्नका लागि खोलामा दुम्रेको रुख लडाएर राखिएको हुन्थ्यो । नुहाउने घाटलाई पार गर्न दुम्रेको रुख राखिएकोले गर्दा दुम्रेघाटे नाम रहन गयो । बालाई पनि धिमाल भाषाबाटै नाम रहन गएको हो । धिमाल भाषामा बाला दोङ बाला हिका थामे बाट बालाई भएको हो । यसको अर्थ पहिला त्यस ठाउँमा बालुवा नै बालुवा थियो । पछि बालाईलाई नै अपभ्रंश गरी बलुवाही नाम राखिएको हो । माटीगाउँ पनि धिमाल भाषाबाटै नाम रहन गएको हो । ग्राममाटीबाट पछि माटीगाउँ नाम रहन गएको हो भनी बूढापाकाहरू भन्दछन् । बेलबारी र बेलेपुर पनि धिमाल भाषाबाटै नाम रहन गएको छ । धिमाल भाषामा हिन्साङ बेले निङका थामेगालाई बाट बेलबारी र बेले थुप्रिन्हाका थामे बाट बेलेपुर नाम रहन गएको हो । यी ठाउँहरूमा पहिला बेलघारी नै बेलघारी थियो । प्रशस्त बेलहरू पाइने भएकोले नै यी ठाउँहरूको नाम बेलबारी र बेलेपुर धिमाल भाषाबाटै नामाकरण भएको हो ।

त्यसैगरी, धिमाल समुदायकै पहिचान र इतिहासबाट केही वनजङ्गलहरूको नामहरू पनि नामाकरण भएको पाइन्छन् । लक्ष्मीझार, लक्ष्मी धिमालको गाउँको नामबाट पछि छेउको जङ्गल लक्ष्मीझार नाम रहन गयो । लोक्राझार, यो लेटाङदेखि माथि भोगटेनी गाविसमा अहिले पनि छ । यसलाई अहिले त्यहाँ लोकरा झार भनी भनिन्छ । तिलाईझार, यो हाल हसन्दह गाविसमा छ । पहिला त्यस ठाउँमा धिमाल भाषामा तिलाईको झार नै झार पाइन्थ्यो । अहिले त्यस ठाउँलाई चिलाझार भनी भनिन्छ ।

धिमाल भाषामा नामाकरण भएका अन्य ठाउँहरू पनि धेरै हुनसक्छन् । आदिवासी धिमाल भाषामा नामाकरण भएका ठाउँहरूलाई अन्य त्यहाँ बस्ने टाठाबाठाहरूले पुरानो नामको ठाउँमा नयाँ नाम राख्दै गरेको देखिन्छ । यसले गर्दा आदिवासी धिमालजस्ता अल्पसङ्ख्यक तथा राष्ट्रियस्तरमा पहुँच नभएका समुदायहरू, पिछडिएका जातजातिहरूको भौगौलिक, पहिचानको इतिहास नै धरापमा परेको छ । राज्यको सरकारी निकाय तथा अन्य निकायहरूबाट पनि यथेष्ठ खोज अनुसन्धान हुन नसकेको र पर्याप्त इतिहास उपलब्ध हुन नसकेको अवस्थामा अबको दिनमा पिछडिएका वर्ग, समुदायहरू वा जातजातिहरूले आफ्नो इतिहास आफैले लेख्ने काम नगरेमा झनै यी वर्ग तथा समुदायहरूको पहिचानको इतिहास सङ्कटमा पर्ने देखिन्छ । ●●●

(लेखक धिमाल जाति विकास केन्द्र, नेपालका केन्द्रीय उपाध्यक्ष हुन्)

# बधाई तथा शुभकामना







संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका केन्द्रीय सदस्य (हाङदेवा ७, ताप्लिजोङ, लिम्बुवान निवासी) विवश हेल्लोक र मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषदका पार्षद सदस्य तथा संघीय लिम्बुवान महिला परिषदका सचिवालय सदस्य (धुपु, सङ्खुवासभा, लिम्बुवान निवासी) शान्ता लोहोरुङबीच मिति २०६६ माघ १४ मा किरात मुन्धुम अनुसार शुभ-विवाह सम्पन्न भएकोमा हार्दिक बधाई दिँदै वहाँहरूको सफल दाम्पत्य जीवनका लागि शुभकामना व्यक्त गर्दछौं।

**संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च**

**संघीय लिम्बुवान राज्य परिषद**

# हार्दिक श्रद्धाञ्जलि

जन्मः १९७८ भदौ २२




मृत्युः २०६७ माघ २२

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष मण्डल सदस्य विष्णु तुम्बाहाङफे तथा संघीय लिम्बुवान राज्य परिषदका जिल्ला कार्य समिति ताप्लिजोङका अध्यक्ष होम तुम्बाहाङफेको बुबा फुङलिङ ३ ताप्लिजोङ निवासी **दलबहादुर तुम्बाहाङ्फे**को असामयिक निधन भएकोमा शोकाकुल परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै मृतात्माको चिर शान्तिको कामना गर्दछौं।

**संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च**

**संघीय लिम्बुवान राज्य परिषद**


जय लिम्बुवान
JAY LIMBUWAN
जय लिम्बुवान
JAY LIMBUWAN